# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २७० | काठमाडौं | सोमबार, १६ माघ २०७९ | Prabhab National Daily | Monday, January 30, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## अमेरिकी उपविदेशमन्त्री नुल्यान्ड काठमाडौंमा



आज प्रधानमन्त्री पुष्पकमल दाहाल, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेट्ने


**काठमाडौं (प्रस)–** संयुक्त राज्य अमेरिकाका राजनीतिक मामिलासम्बन्धी उपविदेशमन्त्री भिक्टोरिया नुल्यान्ड आइतबार काठमाडौं आइपुगेकी छन् । दुईदिने नेपाल भ्रमणका क्रममा उनले उच्चस्तरीय राजनीतिक भेटवार्ता गर्ने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तेस्रोपटक प्रधानमन्त्री बनेपछि विदेशबाट नेपालमा भएको यो नै पहिलो उच्चस्तरीय भ्रमण हो ।

उनले आज सोमबार प्रधानमन्त्री दाहाल, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेट्ने छिन् । परराष्ट्रमन्त्री विमला राई पौड्यालसँग पनि उनले भेट्ने कार्यक्रम रहेको बताइएको छ ।

भ्रमणका क्रममा नुल्यान्डले नेपालको अनुपम सांस्कृतिक सम्पदाको अनुभव पनि सँगाल्ने छिन् । उनले सन् २०२१ को अप्रिलमा राजनीतिक मामिलासम्बन्धी उपविदेशमन्त्रीका रूपमा शपथ लिएकी हुन् । त्यसअघि उनी वासिङ्टन डिसीमा अवस्थित विश्वव्यापी रणनीतिक परामर्श तथा वाणिज्य कूटनीति फर्म अल्ब्राइट स्टोनब्रिज ग्रुपमा वरिष्ठ परामर्शदाताका रूपमा कार्यरत थिइन् ।

उपविदेशमन्त्री नुल्यान्ड ब्रुकिंस इन्स्टिच्युसनमा गैरआवासीय सिनियर फेलो, येल (**बाँकी पृष्ठ २ मा**)

## भ्रष्टाचार र बेथितिले देश परिवर्तन हुन सकेन



(डा. केदारभक्त माथेमासँग अन्तर्वार्ता) पृष्ठ ४ मा

# शक्तिमा फर्किने दाउमा रवि

### गृहमन्त्री बनाउन एमाले अध्यक्ष ओलीको दबाब, प्रधानमन्त्री दाहाल अनिच्छुक

■ जेबी योञ्जन

**काठमाडौं–** खारेज भइसकेको नागरिकता पुनः प्राप्त गरेपछि पूर्वगृहमन्त्री रवि लामिछाने शक्तिमा फर्किने प्रयासमा लागेका छन् । अमेरिकी नागरिकता त्याग गरेको निस्सा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पेस गरेको केही समयमै आइतबार पहिले खारेज भइसकेको नागरिकता पुनः प्राप्ति भएपछि उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सदस्यता लिएर केन्द्रीय सदस्य हुँदै सभापति भए ।

रविलाई सभापति पद दिलाउनेसम्मको निर्णय गर्न रास्वपाको केन्द्रीय समिति बैठक शनिबार पार्टी केन्द्रीय कार्यालय बसुन्धरामा तीनपटक बस्यो । पहिलो बैठकले रविलाई सदस्यता दिने निर्णय गऱ्यो । दोस्रो बैठकले उनलाई सभापतिमा चयन गऱ्यो । सांसद र मन्त्री पद भने प्राप्त हुन बाँकी छ । यसअघि उनी चितवन-२ बाट निर्वाचित सांसद हुन् । १० पुसमा उपप्रधान तथा गृहमन्त्री भए ।

तर, शुक्रबार सर्वोच्च अदालतको संवैधानिक इजलासले उनले अमेरिकी नागरिकता त्याग गरेपछि खारेज भइसकेको पुरानो नागरिकता प्राप्ति गर्न कानुनी प्रक्रियामा नगएको ठहर गरेको थियो । जसका कारण उनी नेपाली भए पनि नेपाली नागरिकको हैसियतमा नरहेको सर्वोच्चको व्याख्या भयो । नागरिकतासम्बन्धीको रिटमा भएको यही व्याख्याले गर्दा रविले पार्टी सदस्यदेखि सभापति, सांसद हुँदै गृहमन्त्रीसम्मको पद गुमाएका थिए ।

कानुन व्यवसायीहरूका अनुसार रविले तत्काल प्राप्त गर्न नसकिने पद भनेको सांसद मात्रै हो । त्यसका लागि चितवन- २ मा उपनिर्वाचन लड्नुपर्छ । निर्वाचित भए सांसद हुने छन् । तर, मन्त्री भने उनी हुन सक्छन् । संविधानको धारा ७८ को (१) को आधारमा गैरसांसद पनि छ महिना मन्त्री हुन पाउने व्यवस्था छ । उक्त धारामा भनिएको छ, 'राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्को सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ । शपथ ग्रहण गरेको मितिले छ महिनाभित्र संसद्को सदस्य हुनुपर्नेछ ।'

रास्वपाले रविलाई फेरि सरकारमा पठाउने निर्णय गरिसकेको छ । त्यसका लागि सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग संवाद गर्ने अनुमति प्रदान गरेको छ ।

लामिछानेले आइतबार नै प्रधानमन्त्री दाहालसँग बालुवाटारमा भेटवार्ता गरेका छन् । उनी फेरि उपप्रधानसहित गृहमन्त्री हुन खोजिरहेका छन् । प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले दिएको जानकारीअनुसार प्रधानमन्त्रीसँग संविधानको धारा ७८ को (१) अनुसार पुरानै जिम्मेवारीमा छिटो बहाली गर्न रविले आग्रह गरे । प्रधानमन्त्री दाहालले भने लामिछानेलाई ठोस जवाफ दिएनन् । बरू, यसबारे कानुनविद्हरू र निर्वाचन आयोगसँग परामर्श गर्ने जवाफ दिए ।

लामिछानेभन्दा पहिले दाहाल र एमाले अध्यक्ष केपी ओलीबीच बालुवाटारमै भेटवार्ता भएको थियो । स्रोतका अनुसार ओलीले लामिछानेलाई गृहमन्त्री बनाउन दाहाललाई दबाब दिए । दाहाल भने नयाँ गृहमन्त्री आफ्नै पार्टी माओवादीबाट बनाउने पक्षमा छन् । कारण, लामिछानेको सांसद पद नागरिकताकै विषयले गुमेपछि फेरि केही कानुनी झमेला आउनसक्ने आकलनका आधारमा रविलाई गृहमन्त्री नदिने उनको तयारी छ ।

प्रधानमन्त्रीनिकट स्रोतले भन्यो, 'आफ्नो पार्टी माओवादीसँग शक्तिशाली मन्त्रालय कुनै छैन । त्यही भएर उहाँ (दाहाल) गृह मन्त्रालय माओवादीले नै राख्नुपर्ने पक्षमा हुनुहुन्छ । यस विषयमा उहाँले सत्तारूढ घटकसँग पनि छलफल गर्ने तयारी गर्नुभएको छ ।'

यसअघि प्रधानमन्त्री दाहाल रविलाई स्वार्थ बाझिनेगरी गृह मन्त्रालयको जिम्मेवारी दिएको भन्दै आलोचित भए । यद्यपि, रास्वपा प्रवक्ता डा. मुकुल ढकालले भने गृह मन्त्रालयको जिम्मेवारी पहिले नै पाइसकेका कारण त्यसमा गठबन्धन दलहरूबीच विवाद नभएको बताए ।

'अहिले सरकारको विषयमा छलफल भएको छैन तर हामी सरकारमा कसरी (**बाँकी पृष्ठ २ मा**)



### रविका उतारचढाव शृंखला

| | | |
|---|---|---|
| १० फागुन २०५० | : | नेपाली नागरिकता प्राप्त |
| २०५८ | : | अमेरिका प्रस्थान |
| २०६६ | : | ग्रीन कार्ड प्राप्त, नेपाली नागरिकता परित्याग |
| ९ फागुन २०७० | : | अमेरिकी नागरिकता प्राप्त |
| २१ फागुन २०७० | : | अमेरिकी राहदानी प्राप्त |
| २२ जेठ २०७१ | : | पर्यटक भिसा लिएर काठमाडौंमा |
| १३ जेठ २०७२ | : | पुरानै नागरिकताको आधारमा नेपाली राहदानी |
| ४ जेठ २०७५ | : | अमेरिकी नागरिकता र राहदानी त्याग |
| ६ असार २०७५ | : | अमेरिकी नागरिकता त्यागको जानकारी |
| १४ असार २०७५ | : | अमेरिकी नागरिकता त्यागको स्वीकृति |
| १७ असार २०७९ | : | पुरानै नागरिकताको आधारमा रास्वपा दर्ता |
| २३ असोज २०७९ | : | पुरानै नागरिकताको आधारमा उम्मेदवारी दर्ता |
| २८ कात्तिक २०७९ | : | उम्मेदवार बन्न अयोग्य भन्दै उजुरी |
| २८ मंसिर २०७९ | : | सर्वोच्चमा रिट |
| १३ माघ २०७९ | : | सर्वोच्चको फैसलाबाट रवि दोषी ठहर |
| १५ माघ २०७९ | : | जिप्रका काठमाडौंबाट पुनः नागरिकता प्राप्त |

सन्दर्भ : वैदेशिक रोजगार

## बाध्यकारी श्रम निषेधसम्बन्धी विधेयकलाई पूर्णता दिन समिति

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बाध्यकारी श्रम निषेध र पुनःस्थापनासम्बन्धी विधेयक-२०७९ लाई पूर्णता दिन एक समिति गठन गरेको छ । मन्त्रालयका प्रवक्ता एवं श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखाका सहसचिव डण्डुराज घिमिरेको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरिएको हो ।

आइतबार मन्त्रालयमा बाध्यकारी श्रमसम्बन्धी प्रोटोकल पी-२९० मा भएको २०१४ को अनुमोदन र बाध्यकारी श्रम उन्मुलनका लागि एकीकृत कानुनको आवश्यकतासम्बन्धी संघीय सांसद र सरोकारवालाहरूसँगको छलफल कार्यक्रमपछि उक्त समिति गठन भएको बताइएको छ । कार्यक्रममा श्रममन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा देखिएको समस्यालाई हल गर्न बाध्यकारी श्रमलाई शून्यमा झार्ने गरी काम गर्ने बताए । यसअघि पनि मन्त्री अर्यालले मन्त्रालयको कार्यभार सम्हाल्नेबित्तिकै वैदेशिक रोजगारीमा जाने बाध्यकारी अवस्थाको अन्त्य गर्नु आफ्नो लक्ष्य रहेको बताएका थिए ।



मन्त्री अर्यालले बाध्यकारी श्रम निषेध र पुनःस्थापनाका लागि बन्न लागेको विधेयकलाई परिपक्व र प्रभावकारी ढंगले अगाडि बढाउन सबै सरोकारवाला निकायलाई आग्रहसमेत गरे । 'एकपटक बनेको ऐन कानुन लामो समयसम्म महत्त्व राख्ने हुनुपर्छ,' उनले भने, 'हामीले एकचोटि बनाएको नीति नियम र ऐनले लामो समयसम्म काम गर्नुपर्ने भएपछि कुनै मन्त्री वा कर्मचारी फेरिनेबित्तिकै संशोधन गर्नुपर्ने नहोस् ।' मन्त्री अर्यालले दीर्घकालीन महत्त्वको नीति नियम बनाउँदा त्रुटि हुन नदिन सबै सरोकारवाला निकाय/पक्षहरूसँग गहिरो छलफल गरी निचोड निकाल्ने बताए । उनले यस्ता सार्वजनिक सरोकारका विषयमा छलफल र अन्तरक्रियाका कार्यक्रमहरु सहर केन्द्रित हुने भन्दै आगामी दिनमा देशैभरी सञ्चालन गर्ने तयारीका साथ गृहकार्य भइरहेको जानकारी दिए ।

कार्यक्रममा मन्त्रालयका सचिव एकनारायण अर्यालले बाध्यकारी श्रमलाई न्यूनीकरण गर्नका लागि मन्त्रालयबाट हुनसक्ने पहल गर्न आफू तयार रहेको बताए । उनले बाध्यकारी श्रमको मूल अन्त्य नहुँदासम्म देशमा आर्थिक, राजनीतिक तथा शैक्षिक रूपान्तरण हुन नसक्ने भन्दै यसको अन्त्यका लागि सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताए । यस्तै समितिका संयोजक घिमिरेले सबै पक्षसँगको छलफल, राय, सुझावलाई समेटेर श्रम निषेध र पुनःस्थापनासम्बन्धी विधेयक-२०७९ लाई पूर्णता दिइने बताए ।

## थप १८ नेपालीले पाए इजरायलको भिसा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले इजरायलको दीर्घकालीन स्याहार केन्द्रका लागि माग भएअनुसार १८ जना नेपाली कामदारको भिसा प्राप्त भएको जनाएको छ । रोजगारीका लागि सम्झौता गरेका १८ जना नेपाली सहायक कामदारहरुको भिसासहित राहदानी काठमाडौंस्थित इजरायल दूतावासको कन्सुलर विभागबाट प्राप्त भएको विभागले जनाएको हो ।

विभागअन्तर्गत इजरायल शाखाले बिहीबार इजरायल जान भिसा प्राप्त गरेका १८ जना कामदारको सूचीसहित आवश्यक तयारीका लागि जरुरी सूचना जारी गरेको छ । भिसा आएका कामदारहरुलाई राहदानी बुझ्न, उडानअनुसार बनाइने भाइबर ग्रुपमा आफ्नो नाम समावेश गराउन र कोभिड-१९ विरुद्धको खोपसम्बन्धी विस्तृत विवरण उल्लेख गर्न विभागको इजरायल शाखामा सम्पर्क गर्न आग्रह गरिएको छ । विभागले भिसा प्राप्त भई प्रक्रिया पूरा गरेका कामदारले माघ महिनाभित्रै इजरायल जानुपर्ने भन्दै हवाई उडानका लागि टिकट बुकिङ गर्न सिलिंक होलिडेजलाई राहदानीसहित सम्पर्क गर्नुपर्ने उल्लेख गरेको छ । इजरायल उडानका लागि प्रत्येक कामदारले ५९ हजार ९९० रुपैयाँ हवाई भाडा बुझाउनुपर्ने बताइएको छ ।

नेपाल सरकारलाई (**बाँकी पृष्ठ २ मा**)

## मलेसियामा उच्चस्तरीय भेटवार्ता

**काठमाडौं (प्रस)–** मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले मलेसियामा उच्चस्तरीय भेटवार्ता गरेका छन् । राजदूत पौडेलले मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइल र मानव संशाधनमन्त्री भी शिवकुमारसँग छुट्टाछुट्टै भेटवार्ता गरी नेपाल तथा मलेसियाबीच रहिआएको द्विपक्षीय सम्बन्ध विस्तार र आपसी हितका बारेमा छलफल गरेका मलेसियास्थित नेपाली दूतावासले जानकारी दिएको छ ।

भेटको अवसरमा उनीहरुबीच नेपाली युवाका लागि आकर्षक श्रम गन्तव्य रहेको मलेसियामा संख्यात्मकसँगै गुणात्मक वृद्धि कसरी गर्ने भन्नेबारे विचार विमर्श भएको थियो । नेपाली श्रमिक शून्य लागतमा जाने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका साथै मलेसियामा नेपाली श्रमिकका लागि प्राप्त हुन सक्ने थप रोजगारीका अवसर र कार्यरत नेपाली श्रमिकको सेवा सुविधाबारे पनि कुराकानी भएको दूतावासले जनाएको छ ।

उनीहरूले द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीयस्तरमा पारस्परिक हितका विषयमा साझेदारी गर्दै दुवै मुलुकको राष्ट्रिय हित प्रवर्द्धन गर्न एकअर्कालाई सहयोग गर्दै अघि बढ्नेबारेमा छलफल गरेका थिए । गृहमन्त्री इस्माइलसँग निकट भविष्यमा उनको नेतृत्व हुने उच्चस्तरीय नेपाल भ्रमणबारे कुराकानी भएकोसमेत जनाइएको छ । भ्रमणका क्रममा मलेसियाको 'फरेन वर्कर इम्प्लोइमेन्ट रिल्याक्सेसन प्लान'बारे गृहमन्त्री इस्माइलले नेपाली अधिकारीसँग छलफल गर्ने दूतावासका अधिकारीहरुको भनाइ छ ।




## शक्तिमा फर्किने...

पृष्ठ १ बाट जारी

सहभागी हुने भन्ने विषयमा फेरि छलफल गर्नुपर्ने अवस्था छैन,' ढकालले आइतबार पत्रकारहरूसँग भने, 'गृह मन्त्रालय रास्वपाले पहिल्यै पाइसकेको अवस्था हो । फेरि, दाबी गर्नुपर्ने कुरा छैन । हामीले नै कसलाई गृह मन्त्रालयको जिम्मेवारी दिने भनेर निर्णय लिने कुरा हो । त्यसमा हामी छलफल गरेर निर्णयमा पुग्छौं ।'

रास्वपा प्रतिनिधिसभाको चौथो ठूलो दल हो । रास्वपाका प्रत्यक्षबाट छ जना र समानुपातिकबाट १३ जना गरी १९ जना सांसद छन् । दाहाल नेतृत्वको सरकारमा शिक्षामन्त्री शिशिर खनाल; श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल र स्वास्थ्य राज्यमन्त्री डा. तोसिमा कार्की छन् । रविलाई प्रधानमन्त्री दाहालले गैरसांसद मन्त्री बन्न पाउने संवैधानिक प्रावधानअनुसार मन्त्री बनाए उनले रास्वपाबाट सरकारमा नेतृत्व गर्ने छन् ।

## थप १८...

पृष्ठ १ बाट जारी

इजरायलको स्वास्थ्य मन्त्रालयले ५ जुलाईमा पठाएको पत्रलाई उद्धृत गर्दै विभागले इजरायल उड्ने कामदारले उडान गर्नुपूर्व ७२ घण्टाभित्र कोभिड-१९को पिसिआर परीक्षण गराउनुपर्ने उल्लेख गरेको छ । उक्त परीक्षणमा रिपोर्ट 'नेगेटिभ' आएको अवस्थामा मात्रै इजरायलका लागि उडान गर्न पाइने जानकारी दिइएको छ । पिसिआर परीक्षण नेगेटिभ आउनासाथ ग्रिन पासका लागि प्रत्येक कामदारले अनलाइन फाराम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विभागका निर्देशक डम्बरबहादुर सुनुवारका अनुसार स्वास्थ्य परीक्षण उत्तीर्ण भएका कामदारको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)मा सम्बन्धित स्वास्थ्य संस्थाले आबद्ध गराइदिने व्यवस्था रहेको छ । उनले श्रम स्वीकृतिका लागि अनलाइन आवेदन दिन अनिवार्य म्यादी जीवन बिमा गरेको हुनुपर्ने बताउँदै प्रत्येक नेपाली कामदारले वैदेशिक रोजगार कल्याणकारी कोषमा तोकिएको रकम दाखिला गर्नुपर्ने बताए ।

नेपाल सरकार र इजरायल सरकारबीच २०७७ माघ महिनामा भएको सम्झौताअनुसार यसअघि झण्डै १२ सय नेपाली सहायक कामदार रोजगारीका लागि इजरायल पुगिसकेको विभागले जनाएको छ । इजरायल सरकारले पछिल्लो समय दीर्घकालीन स्याहार केन्द्रका लागि मात्र नभई कृषि क्षेत्रमा पनि एक हजारभन्दा बढी कामदार लैजाने तयारी गरिरहेको विभागले उल्लेख गरेको छ ।

## अमेरिकी...

पृष्ठ १ बाट जारी

विश्वविद्यालयमा बृहत् रणनीतिक विशिष्ट अभ्यासकर्ता र नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसीको सञ्चालक समितिकी सदस्य पनि रहिसकेकी छन् ।

३३ वर्षयता अमेरिकी कूटनीतिज्ञ रहेकी उनी अमेरिकी राष्ट्रपति बाराक ओबामा र विदेशमन्त्री जोन केरी मातहत सन् २०१३ को सेप्टेम्बरदेखि २०१७ को जनवरीसम्म युरोपेली तथा युरेसियन मामिलासम्बन्धी सहायक विदेशमन्त्रीका रूपमा सेवारत थिइन् । उनी अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनको कार्यकालताका विदेश मन्त्रालयकी प्रवक्ता थिइन् भने राष्ट्रपति जर्ज डब्ल्यु बुसको दोस्रो कार्यकालमा सन् २००५ देखि २००८ सम्म नेटोका लागि अमेरिकी राजदूत थिइन् ।

उपविदेशमन्त्री नुल्यान्डले सन् २०१० देखि २०११ सम्म युरोपमा पारम्परिक हतियार नियन्त्रण सन्धिसम्बन्धी विशेषदूत तथा प्रमुख वार्ताकारका रूपमा र सन् २००३ देखि २००५ सम्म अमेरिकी उपराष्ट्रपति डिक चेनीको उपराष्ट्रिय सुरक्षा सल्लाहकारका रूपमा सेवा गरेकी थिइन् ।


## साउदीमा रोजगारको अवसर

कम्पनी : Saudi First Recycling Plant

पुर्व स्वीकृति मिति २०७९/१०/१५ LT No. 280258 चलानी नं. ६०१९५२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | carboard collector | 2 | 0 | 1000 | ३४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPACK INDUSTRIES

पूर्व स्वीकृति मिति २०७९/१०/१५ LT. No. 280216 चलानी नं. ६०१९५७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Custom Impator | 1 | 0 | 2500 | ८९,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Alghanim International General Trading & Contracting Co. W.L.L.

पूर्व स्वीकृति मिति २०७९/०२/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 263030 चलानी नं. ६०१८५७९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL LABORS | 150 | 0 | 95 | ४०६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २४ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE BREWERY RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/०५ LT. No. 279741 चलानी नं. ६०१८६०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER / WAITRESS | 5 | 3 | 120 | ५१,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/०५/३१ मा दर्ता भएको **प्रा.लि. नं. ५६२२५** को **पोखरा रिसोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१०/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०२/२४ मा दर्ता भएको **प्रा.लि. नं. ७३४३९** को **जी.टी.टी. कार्गो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१०/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **अल सोलुसन इम्प्लोइमेन्ट सर्भिज प्रा.लि.** इजाजत प्राप्त नम्बर १४५४/०७४/०७५ मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट मिति २०७९/१०/१५ गतेबाट बर्खास्त गरिएको सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ । यदि गरेमा यस कम्पनी जिम्मेवार हुने छैन छ ।

| सि.नं. | कर्मचारीको नाम | नागरिकता नं. |
|---|---|---|
| १. | प्रिती शाही | १६-०१-८९-१०१८ठ |
| २. | सुस्मीता ज्ञवाली | १२२०१७-११५६ |
| ३. | सविता कुमारी थारू | ६५-०१-७६-०२९३६ |
| ४. | मञ्जु रिमाल | ०४२०४२/२९८२ |

**All-Solution Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. १४५४/०७४/०७५

Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079, 9849442132, E-mail : info@allsolution.com.np

## Purbakhola Rural Municipality

Office of the Municipal Executive

Purbakhola, Palpa

**Invitation for Online Bids**

**Date of publication:** 2079/10/16 (30-01-2023)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa
Name of the Office:Purbakhola Rural Municipality Office, Purbakhola , Palpa
Rajaswa Account No.: **14604010000009**

Bid Validity Period: 45 days

Bank details for Bid security : Global IME Bank Ltd., Purbakhola Palpa A/C no. **14604010000004**.
(bidder's should submit through bank guarantee only)

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| PRM/NCB/GOODS/09-079-080 | Procurement of medicine of Purbakhola Rural Municipality | **1377928.28** | 1000 | 35000 | **2079/11/02** 12:00 Pm **(14/02/2023)** |

**Chief Administrative Officer**
Purbakhola Rural Municipality Office

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०४/०६ मा दर्ता भएको **प्रा.लि. नं. १२४५०७** को **गण्डकी ट्रेक्स एण्ड एक्सपेडिशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१०/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०४/१८ मा दर्ता भएको प्रा.लि. नं. २६६४७५ को **पुजा स्टोर एण्ड कुल्फी घर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०१/०९ मा दर्ता भएको प्रा.लि. नं. १८८०७२ को **हरिओम फिड एण्ड ह्याचरी ईण्डष्ट्रिज प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## मुसिकोट नगरपालिका

**नगर कार्यालिकाको कार्यालय**

मुसिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**स्पेसिफिकेसन संशोधन गरिएको सूचना !!**

**सूचना प्रकाशन मिति : २०७९/१०/१६**

यस कार्यालयवाट मिति २०७९/०९/२७ गते प्रकाशित तपसिल वमोजिमको गाडी तथा मोट/साइकिल खरिद सम्वन्धि सूचना वमोजिमको वोलपत्रमा स्पेसिफिकेसनहरु संशोधन भएकोले वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । संशोधित स्पेसिफिकेसनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको तलको लिंकमा गई डाउनलोड गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

e-GP System http://bolpatra.gov.np

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically, 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid | Account Details | Estimated Amount, NRs. (Without VAT) |
|---|---|---|---|---|---|---|---|
| NCB/MM/Ruk./G.04_079/080 | Supply and 150 CC Motorcycle | 3000.00 | 2079.10.29 B.S. (2023.02.12 A.D.) | 2079.10.29 B.S. (2023.02.12 A.D.) | 109000 | Internal Revenue : 07703000001001000001 Dharauti : 07703000003000000001 | 3849557.55 |
| NCB/MM/Ruk./G.05_079/080 | Supply and Delivery of 4WD Double Cab Pick-up | 3000.00 | 2079.10.29 B.S. (2023.02.12 A.D.) | 2079.10.29 B.S. (2023.02.12 A.D.) | 125000 | | 4424778.76 |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# गंगालाललाई 'हृदयरोग अध्ययन केन्द्र' का रूपमा विकास गरिने




■ प्रभाव संवाददाता

**काठमाडौं–** सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई 'हृदयरोग अध्ययन केन्द्र'का रूपमा विकास गरिने भएको छ । आइतबार २७औं वार्षिकोत्सव समारोहमा केन्द्रका कार्यकारी निर्देशक डा. चन्द्रमणि अधिकारीले मुटुरोगको विशिष्टीकृत सेवासहित मुटुको सबै अध्ययन गरिने भएकाले केन्द्रलाई 'हृदयरोग अध्ययन केन्द्र'का रूपमा विकास गरिने बताए ।

उनका अनुसार केन्द्रमा मुटुरोगको रोकथाम, उपचार र हृदयरोगसम्बन्धी उच्चस्तरीय उपचार तथा मुटुसम्बन्धी सबै अध्ययन गरिनेछ । केन्द्रका कार्यकारी निर्देशक डा. अधिकारीले केन्द्रमा वैज्ञानिक प्रविधि, दक्ष जनशक्ति तथा विश्वस्तरीय अत्याधुनिक उपकरणसहितको प्रविधिले उपचार गर्दा 'सुपर स्पेसियालिटी कार्डियक सेन्टर'का रूपमा स्थापित गरिएको बताए ।

उनले विश्वमा गरिने जुनसुकै प्रकारको मुटुको उपचार केन्द्रमा गरिने जानकारी दिए । उनका अनुसार केन्द्रमा गत वर्ष नेपालमा नै पहिलो पटक विनाशल्यक्रिया मुटुको कृत्रिम भल्ब परिवर्तन गरिएको छ । केन्द्रले २०७८ फागुन १६ गतेदेखि 'ट्रान्सक्याथर इरोटिक भल्ब इम्प्लामेन्टेसन (टाभी)' विधिबाट मुटुको कृत्रिम भल्ब राख्ने सेवा सुरु गरेको छ । उनले अहिलेसम्म सातजनाको टाभी विधिबाट मुटुको कृत्रिम भल्ब राखिएको जानकारी दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले केन्द्रलाई शैक्षिक प्रतिष्ठानका रूपमा विकास गरिने प्रतिबद्धता व्यक्त गरेका थिए । 'तपाईंहरूले यस केन्द्रलाई शैक्षिक प्रतिष्ठानका रूपमा विकसित गर्ने चाहना र माग राख्नुभएको छ । यसको प्रक्रियाबारे सरकारले पनि गम्भीरतापूर्वक लिनेछ । तपाईंहरू पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत यसको प्रक्रिया बुझ्नुहोस् । सरकार यस केन्द्रलाई शैक्षिक प्रतिष्ठानका रूपमा विकसित गर्न प्रतिबद्ध छ,' उनले भने ।

प्रधानमन्त्री दाहालले गंगालाल हृदय केन्द्र नेपाली जनताको आशा र भरोसाको केन्द्र भएको बताए । 'गंगालाल हृदय केन्द्र देशभरिका नेपाली जनताको आशा र भरोसाको केन्द्रका रूपमा स्थापित भएको छ । जनताले यसलाई मुटुरोगको उपचार र आफ्नो भरोसाको केन्द्रका रूपमा बुझेका छन्,' उनले भने, 'यसका लागि तपाईंहरू धन्यवादको पात्र हुनुहुन्छ । यसले आमरूपमा जनताको स्वास्थ्यप्रतिको संवेदनशीलतालाई प्रमाणित गर्दछ ।'

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. तोसिमा कार्कीले सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको सेवालाई विकेन्द्रित गर्नुपर्ने बताइन् । उनले मुटुको उपचार सातै प्रदेशबाट सुरुआत गर्नुपर्ने बताइन् । राज्यमन्त्री कार्कीले मन्त्रालयले केन्द्रको क्षमता विस्तार गर्नका लागि सक्दो सहयोग गर्ने बताइन् । सांसद प्रदीप पौडेलले केन्द्रलाई दक्षिण एसियाको मुटुरोगको अस्पतालका रूपमा विकास गर्नुपर्ने बताए । उनले सरकारले स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी संविधानले सुनिश्चित गरेको आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क बनाउनुपर्ने बताए ।

कार्यक्रममा स्वास्थ्य सचिव डा. रोशन पोखरेलले एकमात्र मुटुरोग अस्पतालले उत्कृष्ट र सर्वसुलभ सेवा प्रदान गरिरहेको भन्दै केन्द्रलाई अझ सर्वोत्कृष्ट बनाउनुपर्ने बताए । उनले केन्द्रले नयाँ प्रविधि भित्र्याएर बिरामीलाई थप सेवा दिनका लागि मन्त्रालयले सक्दो सहयोग गर्ने बताए ।

सो अवसरमा डा. भगवान कोइराला, डा. अरुण मास्के, डा. दामोदरप्रसाद पोखरेल, डा. अग्निभूषण उपाध्याय, डा. मनबहादुर केसी र डा. ज्योतेन्द्र शर्मा तथा २५ वर्ष सेवा गरेकालाई दीर्घ सेवा पदकबाट सम्मान गरिएको थियो । वि.सं. २०५२ मा नौ शय्याबाट मुटुरोगका लागि स्थापना गरिएको केन्द्रमा अहिले २७० शय्या रहेको छ । केन्द्रले मुटुरोगसम्बन्धी विभिन्न किसिमका गुणस्तरीय विशेषज्ञ उपचार सेवा सर्वसुलभरूपमा उपलब्ध गराइरहेको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१०/११ गते निम्न विवरणको सेतो खैरो रङको पल्सर NS 200 cc FIABS मोटरसाइकल काठमाडौं पशुपति क्षेत्रमा पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : भक्त बहादुर धामी
बाइक नं. : बा.प्र -०२-०३७ प ३५२८
च्यासिस नं.:MD2A36FX9MCJ99129
इन्जिन नं. : JLXCMJ95554
मो. : 9848789881

## फाकफोकथुम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आमचोक, ईलाम
१ नं.प्रदेश, नेपाल

### बोलपत्र संशोधन गरिएको सम्बन्धी सूचना !

**प्रकाशित मिति २०७९/१०/१६**

यस फाकफोकथुम गाउँपालिकाको मिति २०७९।०९।२५ गते प्रभाव दैनिकमा प्रकाशित बोलपत्र सूचना (ठेक्का नं.PRM/ILAM/WORKS/NCB/06/079/080) सम्बन्धमा यस कार्यालयको मिति २०७९।१०।१५ गते बसेको बैठकको निर्णय अनुसार BOQ मा परिमाण थपघट गर्नुपर्ने भएको हुँदा उक्त ठेक्का तपसिल बमोजिम संसोधन गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै उक्त संसोधित बोलपत्र http//:bolpatra.gov.np/ तथा यस गाउँपालिकाको वेवसाइट https://phakphokthummun.gov.np/ बाट पनि हेर्न सकिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | सुरुको रकम | संशोधन | कैफियत |
|---|---|---|---|---|
| १. | PRM/ILAM/WORKS/NCB/06/079/080 | ३८,४६,११४.३६/- | २५,१४,८४०.००/- | |

प्रमुख प्रशासकीय अधिकृत

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JUNJUNGAN PELANGI SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/२९ | पून स्वीकृति मिति २०७९/१०/१५ | LT No : 271834 | चलानी नं.६०१८७७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CRYSTAL CLEAR TECHNOLOGY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०७/०६ | पून स्वीकृति मिति २०७९/१०/१५ | LT No : 274243 | चलानी नं.६०१८७७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 0 | 30 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५०० कामदार आफैले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Themarah Al Murabaha Holding Company for Trading and Contracting
पूर्व स्वीकृति मिति : २०७९/१०/१५ | LT. No. 280268 | चलानी नं. ६०१९५५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६२५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १३ गते (6th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YCN CARTON SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/३० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१५ | LT. No. 273796 | चलानी नं. ६०१८९५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL KARIM DAHAM SALEM AL DAHAM CAR SERVICE WORKSHOP
पूर्व स्वीकृति मिति २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 275907 | चलानी नं. ६०१९१५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Electrician Worker | 1 | 0 | 1000 | ३४,७६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Car Mechanic Worker | 2 | 0 | 1000 | ३४,७६५ | | | | | | | |
| 3 | Plumber Vehicles | 1 | 0 | 1700 | ६०,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## श्री भगवती संस्कृत तथा साधारण माध्यामिक विद्यालय
बढैयाताल-०८, तिलकाना बर्दिया

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना नं. २/०७९-०८०**
**सूचना प्रकाशित मितिः २०७९-१०-१६**

यस कार्यालयबाट मिति २०७९/०९/०३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा www.bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुनआएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-२०६३ को दफा-२७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| सि.नं. | ठेक्का न. | योजनाको नाम | बोलपत्रपत्रदाताको नाम | कबोल अंक (With PS &VAT) |
|---|---|---|---|---|
| १ | BSSMS/BARDIYA/NCB/WORK/BHAGAWATI.BLG/079-080/01 | Construction Of Bhagawati Sanskrit Tatha Sadharan Ma. Vi. Building, Badhaaiyatal-8, Bardiya | श्री रावल निर्माण सेवा, बढैयाताल-३, बर्दिया | ७४,७०,८२९.१८ |

प्रधानाध्यापक

## भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### सुचना संशोधन सम्बन्धी सूचना

**(संशोधित सूचना प्रकाशित मिति २०७९/१०/१६)**

प्रस्तुत विषय सम्वन्धमा यस कार्यालयको मिति २०७९।१०।१२ गते प्रकाशित बोलपत्र स्विकृत गर्ने सम्बन्धि आशयको सूचना अनुसार ठेक्का नं.14/MBP/2079/08 को Maintenance works of Bheemdatt Park at ward No.18 मा बोलपत्रदाताको नाम र ठेगाना Apekshya Construction, Surnaya-1, Baitadi हुनुपर्नेमा अन्यथा भएकोले यसै सुचनाबाट सच्याइएको जानकारी गरिन्छ ।

## Government of Nepal
President Chure-Terai Madhesh Conservation Development Board
Program Implementation Unit
Bharatpur, Chitwan

### Invitation for Online sealed Quotation

**Date of publication: 2079/10/16BS ( 2023/01/30AD)**

1. President Chure-Terai Madhesh Conservation Development Board, Program Implementation Unit, Bharatpur, Chitwan invites electronic bids from Nepalese eligible bidders for the following works.

| S.N | Contract No. | Description of work | Bid Document Cost (NRs.) | Estimated Amount without Vat And Contingency | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 03/PIU CHITWAN /079/080 | *Gully, landslide and torrent control in Nijghadh.* Nijghad-10 | 1000.00 | 12,82,362.91 | 35,000 |
| 2. | 04/PIU CHITWAN /079/080 | *Gully, landslide and torrent control in Nijghadh.* Nijghad-13 | 1000.00 | 12,82,362.91 | 35,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of President Chure-Terai Madhesh Conservation Development Board, Program Implementation Unit, Bharatpur or may visit PPMO website www.bolpatra.gov.np/egp.

## Rapti Municipality
## Office of Municipal Executive
Bhandara, Chitwan
Bagmati Province, Nepal

### Invitation for Sealed Quotation (Second Notice) Bidding

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contract ID | Works Descriptions | Estimated amount(without VAT ) | Bid Security Amount | Last Date of Bid Submission | Date of publication |
|---|---|---|---|---|---|---|
| 1 | 005/Works/SQ/RM/079/080 | Construction of Blacktopped road from tej bdr. house to pakhdibas road rapti 08 | NRs. 1,293,929.66 | NRS. 40,000.00 | 2th Falgun 2079 (14th Feb, 2022), *12:00 hours* | 30th Jan, 2022 |
| 2 | 006/Works/SQ/RM/079/080 | Construction of Symarang Motor Road Track at rapti-13 | NRs. 1,544,896.29 | NRS. 45,000.00 | 2th Falgun 2079 (14th Feb, 2022), *12:00 hours* | 30th Jan, 2022 |

Bid validity period should be 45 days and Bid security validity period 30 days after bid Opening.

For Purchasing of bid Document, the office Bank Details are Given Below

NRs.: 1000, Bank: NIC Asia Bank Ltd., Account No: 0982050029409002

Account Name: Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मेयर बालेनविरुद्ध जन‘आक्रोश’

परम्परागत राजनीतिक दल र तिनका नेताहरुको कार्यशैलीबाट आजित बनेका जनताले नयाँ नेतृत्वको खोजी गरिरहेको पछिल्ला दुई निर्वाचनबाट पुष्टि भइसकेको छ। यही क्रममा काठमाडौंका जनताले गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवारलाई रोजे। ठूला राजनीतिक दलका उम्मेदवारलाई पाखा लगाउँदै स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) शाहलाई काठमाडौं महानगरपालिकाको प्रमुखमा विजयी गराए।

मुलुकको संघीय राजधानीसमेत रहेको तथा देशकै सबैभन्दा ठूलो महानगरको प्रमुखमा स्वतन्त्र एवं युवा उम्मेदवार विजयी हुँदा निकै उत्साह थपिएको थियो। उनीसँग महानगरवासीले ठूलो आशा र अपेक्षा राखेका थिए। तर, उनी सुरुबाटै विवादमा तानिन थाले। उनी आफ्नै कार्यशैलीका कारण आलोचित बन्न थाले। कहिले सडक पेटीमा मकै पोल्ने, पानीपुरी बेचेर जीविका चलाउने महिलाहरुमाथि नगर प्रहरी लगाएर जबरजस्ती गर्ने त कहिले जबर जस्ती डोजर चलाउने कार्यले उनी आलोचित बनेका हुन्। त्यसो त कार्यक्षेत्र बाहिर गएर बागमती किनारको सुकुम्वासी बस्ती उठाउन गरिएको प्रयासलाई लिएर पनि उनको आलोचना भएको थियो।

यसरी सुरुबाटै आलोचना खेप्नुपरेका महानगर प्रमुख शाहको कार्यशैली अझै फेरिएको छैन। उनले चालेका कतिपय कदमहरु ‘अपरिपक्व’ देखिन्छन्, जसले उनलाई निरन्तर आलोचनाको घेरामा ल्याइरहेको छ। उनको कार्यशैलीको विरोध गर्दै प्रदर्शनहरु पनि हुँदै आएका छन्। यही क्रममा आइतबार महानगर प्रमुख शाहविरुद्ध प्रदर्शन भयो। प्रमुख शाहले गैरकानुनीरूपमा ज्यादती गरेको भन्दै स्थानीयवासीसहित विभिन्न संघ संस्थाले विरोध प्रदर्शन गरेका हुन्।

माइतीघर मण्डलमा आइतबार कामपाले गैरकानुनीरूपमा गरेको ज्यादती, अध्ययनविनाको कामपाको योजना र विकल्पविनाको योजनाका कारण जनताले पीडा भोग्नुपरेको भन्दै त्यस्ता गतिविधि तत्काल बन्द गर्न शान्तिपूर्ण खबरदारीसभा गरिएको हो। त्यसैगरी प्रमुख शाहले नागरिकको निजी सम्पत्तिमा आफूखुसी डोजर लगाएको आरोप पनि प्रदर्शनमा सहभागीले लगाएका छन्। उनीहरूले ‘पछिल्लो समय कामपाले गरेको ज्यादती बन्द गर, डोजर आतंक बन्द गर, सडक विस्तारको क्रममा उठिबास लगाउन पाइँदैन, आदिवासीको भूमिको अधिकार सुनिश्चित गर, उठिबास गर्ने विकास चाहिँदैन, संविधानले सुनिश्चित गरेको सम्पत्तिको अधिकार सुनिश्चित गर’ जस्ता नारा लेखिएको प्लेकार्ड प्रदर्शन गरेका थिए।

उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समितिका केन्द्रीय अध्यक्ष सुमन सायमीले अनुसार कामपाका प्रमुख शाह राम्रो काम गर्ने उद्देश्यका साथ निर्वाचित भएको भए पनि अहिले उनको कार्यशैली नागरिकको पक्षमा नरहेकाले धर्नाको कार्यक्रम गरिएको बताए। कामपा प्रमुख शाहको प्रतिस्पर्धीसमेत रहेका सायमीले गैरकानुनीरूपमा गरेको ज्यादती बन्द गर्नका लागि आइतबार शान्तिपूर्ण खबरदारीसभा गरेको बताए। आगामी दिनमा कामपाबाट यस्ता कामले निरन्तरता पाए आन्दोलनका कार्यक्रम थप चर्काउने पनि उनले स्पष्ट पारे।

कामपाले पूर्वसूचनाविना निजी घरमा डोजर चलाएको भन्दै यसअघि पनि प्रमुख साहविरुद्ध आन्दोलन भएको थियो। धर्ना कार्यक्रममा उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समिति, ज्यापु महागुथि नेपासहित विभिन्न संघसंस्थाको बाक्लो उपस्थिति रहेको थियो। त्यसो त कामपा प्रमुख शाहले केही राम्रा काम नगरेका हैनन्, त्यसको उनले जस पाउनै पर्छ। तर, जनस्तरबाट उठेको आवाजलाई उनले सुन्नैपर्छ। विरोधलाई दबाएरै जान्छु भन्ने सोचले मात्र काम गर्न खोज्नु उनी स्वयंका लागि घातक हुनसक्छ। त्यसैले प्रमुख शाहले एकतर्फी अगाडि बढ्न रोकिनुपर्छ। जनताको आवाज सुन्दै उनले आफ्नो कार्यशैली बदल्न जरुरी छ।

## मननयोग्य

### चाणक्य नीति


चन्द्रगुप्तलाई वास्तविकताको ज्ञान भएपछि अत्यन्त ग्लानि भयो। तर, चाणक्यले सबै जान्दछन् जस्तो भई भने- ‘राजाले हरपरि स्थितिमा शान्त रहनुपर्छ। यदि राजाले आफ्नो विवेक हराउँछ भने त्यसबेला उसले आफ्नो र राज्यको हानि (क्षति) गराउछ।

सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाणक्य विचलित भावले राजमहलको सभाभवनमा यताउति घुमिरहेका थिए। चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए। यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो। गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो। यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए। चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने-‘तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन। ऊ चोट लागेको सर्पजस्तै भइरहेछ। तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक। साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो ने तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन।’

‘त्यो स्याललाई हामीले अभयदान दिएका थियौं।

क्रमशः

# ‘भ्रष्टाचार र बेथितिले देश परिवर्तन हुन सकेन’



**डा. केदारभक्त माथेमा**
पूर्वउपकुलपति, त्रिभुवन विश्वविद्यालय

*प्रजातन्त्र प्राप्तिका लागि जहाँनिया राणाशासनको विरूद्ध संघर्ष गरिरहँदा वि.सं. १९९७ मा चार जनाले आफ्नो प्राण आहूति गरे। धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द र गंगालाल श्रेष्ठ। उनै सहिदहरूका कारण मुलुक प्रजातन्त्र हुँदै आज गणतन्त्रसम्म आइपुगेको छ। तर, सहिदहरूको सम्मान हुन सकिरहेको छैन। हरेक वर्ष सहिद दिवस मनाउने गरिन्छ। शासकवर्गले सहिदको आदर्शलाई भने बोक्न सकेनन्। सहिद दिवसको सन्दर्भ पारेर सहिदको आदर्श र सपना किन पूरा हुन सकेन भन्ने विषयमा सहिद धर्मभक्त माथेमाका भतिज एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **डा. केदारभक्त माथेमा**सँग प्रभाव राष्ट्रिय दैनिकका लागि **वैकुण्ठ भण्डारी**ले गरेको कुराकानीको अंशः*

**आज सहिद दिवस मनाइरहादा सहिद परिवारको नाताले भन्नुपर्दा अहिलेसम्म आइपुग्दा सहिदका सपना पूरा भए ?**

केही नभएको होइन भएको छ। नेपाली जनता सचेत भएका छन्। हामीले प्रजातन्त्र ल्याएका थियौं, गुमायौं र फेरि ल्यायौं। त्यो सबै नेपाली जनताको संघर्षका कारणले नै हो। नेपाली जनताको स्वास्थ्यको कुरा, शिक्षाका कुरा सुधिएको छ। धेरै मानिसहरु साक्षर भएका छन्, शिक्षित भएका छन्। तर, यसले चित्त बुझाउने काम मात्र भएको छ। यो सबै परिवर्तन प्रजातन्त्र आएका कारण मात्र हो। प्रजातन्त्र आउनुपूर्व विकासका काम दरबारभित्रको खर्चले भ्याएपछि मात्र मुलुकका विकासका लागि खर्च हुने गर्दथ्यो। कम्तीमा त्यो अहिलेसम्म आइपुग्दा परिवर्तन भने भएको छ। तर, हामीजस्ता व्यक्तिहरुले यसलाई चित्त बुझाउने र सहिदको सपना पूरा भयो भनेर भन्ने ठाउँ भने छैन।

**के हुनु पर्दथ्यो परिवर्तनहरु ?**

खासमा भन्ने हो भने विकासले सबैलाई समेट्नुपर्ने थियो। सबै जनतालाई सँगसँगै लैजान सक्नुपर्थ्यो, त्यो देखिएको छैन। तर, विकासको ज्वारभाटा आएको जस्तो देखियो। केही व्यक्तिलाई मात्र यसले परिवर्तन गरिदियो। आमनागरिकको आर्थिक र सामाजिक अवस्थामा परिवर्तन देखिनुपर्दथ्यो।

**आफूले संघर्ष गरे पनि आमजनताले परिवर्तनको आभाष गर्न पाउन् भन्ने आदर्श चार जना सहिदको थियो, सहिदहरुले चाहेको परिवर्तन अहिलेको जस्तै हो ?**

यो होइन। चार सहिदहरु सम्पन्न परिवारका हुनुहुन्थ्यो। उहाँहरुले आफूहरुलाई कहिल्यै सोच्नुभएन। उहाँहरुले आफूहरु सम्पन्न भए पनि सीमान्तकृत वर्गलाई सोच्नुभयो, सारा जनताको विकास हुनुपर्‍यो, केही परिवारको मात्र होइन भन्ने नै थियो। त्यसबेला राणाहरुलाई फाइदा थियो। उनका नजिक रहेका हामीजस्ता माथेमा, शाह, थापा बस्नेतहरुलाई पनि फाइदा भएकै थियो होला। यिनीहरुले सबै सुविधा लिएका पनि थिए। राणाहरुले विधिको शासन चलाएनन् भनेर नै जनताका लागि संघर्ष गर्नुभएको थियो। तर, अहिलेसम्म पनि जुन विधिको शासन बसाल्न खोजेका थियौं त्यो बसाल्न सकेको अवस्था रहेन।

**विधिको शासनमा मुलुक चल्नुपर्ने, भएन भन्ने चिन्ता हो ?**

वास्तवमा त्यही नै हो। मुलुकमा राजनीतिकरण धेरै भयो, थिति बसाल्नुपर्नेहरुले बेथिति बसाले। राजनीतिक दलहरु हामीलाई चाहिन्छ किनकि मुलुक बनाउनका लागि दल इन्जिनजस्तै हो। तर, उहाँहरु (दलका नेताहरु)ले हरेक कुरामा राजनीति गर्नुभयो, जसले बेथिति आयो। योग्य व्यक्ति हुँदाहुँदै पनि पार्टीभित्रको अर्को आफ्नो अयोग्य मानिसलाई ल्याएर पदमा राखिदिनुभयो। आफ्ना नजिकका नातागोतालाई राखिदिनुभयो। त्यसले गर्दा ठेक्कापट्टा सबै कुरामा सबैमा हालीमुहाली गर्ने बेथिति बस्यो। वास्तवमा भन्ने हो भने भ्रष्टाचारका रुप अहिले निकै डरलाग्दो भएर आएको छ। नेपालको विकासमा यो सबैभन्दा ठूलो बाधक बनेको छ। कुनै पनि देशको विकास गर्नका लागि आर्थिक अवस्था मजबुत हुनुपर्ने हुन्छ। त्यसका लागि आफ्नो आन्तरिक अवस्थाले मात्र भ्याउँदैन, बाहिर सहयोग लिनुपर्दछ। चीन, जापान, कोरिया, भियतनाम, सबैले त्यही नै गरेका हुन्। प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्र्याउन सक्नुपर्दथ्यो। नेपालमा त्यसरी आउनुपर्ने एफडिआई जति आउनुपर्ने हो त्यो आएको छैन।

**तर, नेपालमा एफडिआई भित्र्याउन हुन्न भन्छन् नि ?**

त्यसो होइन। कुनै पनि देश विकासका लागि एफडिआई भित्र्याउनुपर्दछ। लगानी नभइकन उत्पादन कसरी हुन्छ ? हामी आफैंले उत्पादन गर्ने र निर्यात गर्न सक्ने अवस्था अझै छैन। ३० वर्षअघि जति वैदेशिक लगानी भएको थियो अहिले पनि त्यत्तिनै छ। त्यसरी हुँदैन। नेपालमा किन वैदेशिक लगानी आएन भन्ने अनुसन्धान गर्नुभयो भने त्यसको एउटै कारण भनेको डरलाग्दो भ्रष्टाचार र बेथिति नै हो। त्यसकारण पनि लाखौं विद्यार्थीहरु विदेश पलायन भइरहेका अवस्था छन्। विदेशमा जाने हाम्रा युवाहरुले पढ्दै कमाउँदै गर्छन्, नेपालमा किन हुन सकेन ? त्यसको प्रमुख कारण भनेको यहाँ उत्पादन हुने कुनै वस्तु नै भएन। हामीले उत्पादनलाई ध्यान नै दिएनौं।

**तपाईंको भनाइ सहिदहरूले चाहेको जस्तो परिवर्तन भएन भन्ने हो ?**

भएन, र सहिदहरुको आदर्शलाई कार्यान्वयन गर्नेतर्फ पनि कोही लागेन। अहिले शासन प्रणाली नै जनताले दुःख पाउने भयो। हामीजस्ता व्यक्ति सरकारी कामका लागि गयौं भने निकै नै दुःख पाउँछौं। जसको चिनजान छैन वा सोर्सफोर्स नभए केही पनि काम नबन्ने भयो। भर्खर आत्मदाह प्रकरणलाई हेर्ने हो भने सहिद परिवारको नाताले भन्छु, सहिदहरुले यस्तो चाहेको हुँदै होइन। खै न्याय ?

**यसको मतलब सर्वसाधारणले न्याय पाइरहेका छैनन् ?**

खै त न्याय पाएको ? देश हाँक्ने ड्राइभरहरुलाई त लाग्ला हामीले मुलुक राम्रैसँग हाँकिरहेका छौं तर त्यस्तो छैन। निकै नै भयावह अवस्थामा चलिरहेको छ। न्याय खोज्न जाने ठाउँ नै भएन। न्याय दिने मान्छे नै भएन। भ्रष्टाचार र बेथितिले जनतालाई आतंकित नै बनाएको छ।

**हरेक वर्ष सहिद दिवसको अवसरमा मुलुक हााक्ने नेतृत्वहरुले सहिदको सपना पूरा गर्छौं भन्दै आउनुभएको छ, तर अवस्था ज्यूँका त्यूँ नै छ, किन ?**

भनेर भएन, कार्यान्वयन गर्न सक्नुपर्छ। सहिदहरुलाई हामी चाहेको छैन। उहाँहरु त आफ्नो प्राण आहूति दिएर बितिसक्नुभयो। हाम्रा नेतृत्व वर्गलाई सहिद चाहिएको छ। किनभने कर्मचारीतन्त्र होस्, राजनीतिकर्मी या व्यापारी नै किन नहुन्, सबैलाई सहिदको आदर्श आवश्यक छ। उहाँहरुले आफ्नो प्राण आहूति दिइरहँदा यो देशको परिवर्तन होस्, जनताले सुख पाउन् भन्ने थियो। तर, भएन। भ्रष्टाचार बढाउने, बेथिति बढाउने अनि सहिदको नाम जपिरहने कार्यले कदापि मुलुक समृद्ध हुँदैन। विदेशमा सहिदहरुका बारेमा स्कूल कलेजमा अध्ययनन गराइन्छ। उहाँहरुले दिनुभएको योगदानको चर्चा गरिन्छ र उहाँहरुको आदर्शलाई कार्यान्वयन गर्न लगाइन्छ। तर, आजसम्मको अवस्थालाई हेर्ने हो भने युवा पुस्ताले अहिलेको नेतृत्वलाई विश्वास नै गर्दैनन्। जसले बोल्छ मात्र काम गर्दैन भने त्यस्तालाई विश्वास किन ? भन्ने युवाहरुको धारणा बनिसकेको छ। सहिदका नाममा लुटतन्त्र नै भएको छ भन्दा फरक नपर्ला।

- हामीले प्रजातन्त्र ल्याएका थियौं, गुमायौं र फेरि ल्यायौं। त्यो सबै नेपाली जनताको संघर्षका कारणले नै हो।
- विकासले सबैलाई समेट्नुपर्ने थियो। सबै जनतालाई सँगसँगै लैजान सक्नुपर्थ्यो, त्यो देखिएको छैन।
- मुलुकमा राजनीतिकरण धेरै भयो, थिति बसाल्नुपर्नेहरूले बेथिति बसाले।
- नेपालमा वैदेशिक लगानी भित्रिन नसक्नुको कारण डरलाग्दो भ्रष्टाचार र बेथिति नै हो।
- देश हाँक्ने ड्राइभरहरूलाई त लाग्ला- हामीले मुलुक राम्रैसँग हाँकिरहेका छौं तर त्यस्तो छैन। निकै नै भयावह अवस्थामा चलिरहेको छ।
- भ्रष्टाचार र बेथिति बढाउने अनि सहिदको नाम जपिरहने कार्यले कदापि मुलुक समृद्ध हुँदैन।

पत्र–मञ्जुषा

## आत्महत्या गर्न बाध्य बनाउने संस्थामाथि कारबाही खै ?

अहिले वित्तीय संस्था तथा व्यक्तिबाट लिएको ऋणको साँवा ब्याज नै तिर्न नसकेर आत्महत्या गर्नेको संख्या ह्वात्तै बढेको छ। पछिल्लो समय वित्तीय संस्थाले दिएको दबाब सहन नसकेर ऋणीहरु आत्महत्या गर्न बाध्य भइरहेका छन्। यसले समाजमा गम्भीर समस्या निम्त्याएको छ। त्यसैले, अब यो समस्याको पनि अब सरकारले हल गर्नुपर्छ।

यता ऋणीले ऋण तिर्न नसकेपछि दबाव दिएर उसलाई आत्महत्या गर्न बाध्य बनाउने वित्तीय संस्थाका सञ्चालक वा कर्मचारीलाई न सरकारले कारबाही गर्छ न त्यस्तो संस्थाको दर्ता खारेज गर्छ। वित्तीय संस्थाले छिट्टै कमाउन वा नाफा कमाउनका लागि मानिसहरुलाई आँखा चिम्लेर घुस खाएर बढी ब्याजमा कर्जा प्रवाह गरे। तर, तीन किस्ता नतिर्नेबित्तिकै ऋणीको तीन पुस्ताको नामसहित फोटो पत्रपत्रिकामा निकाल्ने, कालोसूचीमा राख्ने, फोन गरेर तनाव दिने र गुण्डाहरु घरमा पठाउनुका साथै घरको ढोकामा चिठीसमेत टाँसिदिने गरेका छन्।

वित्तीय संस्थाहरुले एक करोड मूल्य पर्ने धितो भएमा घुस खाएर ५० देखि ७० लाखसम्म कर्जा दिन्छन्। यता सेवा शुल्क दुईदेखि पाँच प्रतिशत र ब्याज १८ देखि ४८ प्रतिशत। त्यो कर्जा प्रवाह गरेबापत पनि दुई लाख रुपैयाँ घुस छुट्टै।

अहिले सर्वसाधारण जनता नै होस् या व्यापारी। उनीहरुले लगाएको कपडादेखि खाने खानासमेत बैंकबाटै लिएको ऋणबाट चलिरहेको छ। झन् यता कतिले त बनाएको घरदेखि चढेको गाडीसमेत बैंकको नाममा छ। यतिमात्र नभई व्यापार व्यवसाय गर्नेले समेत बैंकबाटै ऋण लिएर काम गरिरहेका छन्। ९८ प्रतिशत सर्वसाधारण जनता वा व्यापारीहरुले बैंकबाट ऋण लिएर घरजग्गा, गाडी, व्यापार व्यवसाय वा अन्य कार्य गरिरहेका छन्। तर, अहिले वित्तीय संस्थाबाट लिएको ऋण तिर्न नसकेर उनीहरु आत्महत्या गर्न बाध्य भइरहेका छन्। जसले गर्दा एकतिर अब बैंक, फाइनान्स र सहकारी पनि डुब्ने अवस्थामा पुगेका छन् भने अर्कोतिर गरिबी बढ्ने छ।

हरेक नेपाली नागरिकको बाँच्ने अधिकारमा नेपालको संविधानमा उल्लेख छ। एउटा नागरिक बन्न जति उसको अभिभावकले लगानी गरेको हुन्छ त्यति नै राज्यले। यसरी त्यो मानिसले बीचमै आत्महत्या गर्दा उसको परिवारले त त्यसको मार भोग्नु नै पर्छ तर राज्यलाई पनि यसको ठूलो क्षति पर्न जान्छ।

देशमा संविधान, कानुन, अदालत र सरकार छ। तर, ऋणीलाई त्यसरी आत्महत्या गर्न बाध्य बनाउने वित्तीय संस्थाका सञ्चालक, अध्यक्ष र कर्मचारीलाई कारबाही गर्ने को छ ? कसैको दबाबमा कुनै नागरिकले आत्महत्या गरेमा आरोपकै भरमा पनि जेल जानुपर्छ। तर, वित्तीय संस्थाको ऋण तिर्न नसकेर वा दबाबका कारण मानिसहरु मर्दा त्यस संस्थाका सञ्चालकहरु मोजमस्ती गरेर बस्छन्। उनीहरुका लागि न कानुन नै छ न प्रहरी प्रशासन नै।

ऋणकै कारण मानिसहरुले आत्महत्या गर्न बाध्य हुनुपर्ने बाध्यतालाई रोक्न सरकार गम्भीर बन्नुपर्छ। यसलाई रोक्ने उपायहरु के-के हुन् पहिल्याएर तुरुन्त लागू गर्नुपर्छ। राज्यले अभिभावकीय भूमिका निर्वाह गर्न सक्दैन भने के राज्य ? जनताले के का लागि कर तिर्ने ? किन नियम कानुन मान्ने ? यी प्रश्न साँच्चै गम्भीर छन्। त्यसैले सत्ताको नेतृत्वमा रहेकाहरुका साथै सबै राजनीतिक दलका नेतृत्वको यसमा ध्यान पुगोस्।

*- रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**
prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# संकटमा कालीगण्डकी सभ्यता

**गलेश्वर–**

*'माछापुच्छ्रे गिरी शिखरको पारमा मुक्तिक्षेत्र*
*बल्छन् बत्ती झलमल जहाँ भुलभुले मुलभित्र*
*तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको*
*दिव्यधामकाली गंगा भनन कसरी कुद्छ्यौं सालिग्राम ?'*

राष्ट्रकवि माधवप्रसाद घिमिरेले कालीगण्डकीलाई सालिग्राम कसरी कुद्छ्यौं ? भनि प्रश्न गरी लेखेको यो कवितांशमा नै कालीगण्डकीको महिमा झल्किएको छ । शालिग्राम कुद्ने विशिष्ट वरदान पाएको पवित्र नदी कालीगण्डकीको भौतिक अस्तित्वमाथि विकासका नाउँमा मानवीय प्रहार हुन थालेपछि पवित्र नदी कालीगण्डकीको सभ्यता र अस्तित्व दुवै संकटमा परेको छ ।

कालीगण्डकी केवल पानीले निकास खोज्दै उँधोतिर बगेको नदीमात्र होइन, यो त सिंगो पूर्वीय सभ्यता र संस्कृतिको महत्त्वपूर्ण धरोहर हो भन्ने कुरा बिर्सदा कालीगण्डकीको सभ्यता संकटमा पर्दै गएको सरोकारवालाको बुझाइ छ । राजा भरतले तपस्या गरेको पवित्रभूमि र भगवान् विष्णुका पाउले कुल्चिएको पावन भूमिमा बगेको कालीगण्डकी हजारौं वर्षको मानव चेतनासँग गहिरोसँग अन्योन्याश्रित सम्बन्ध रहेको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

विश्वकै एकमात्र शालिग्राम पाइने नदीका रुपमा यसको बेग्लै पहिचान बनेको छ । हिन्दूहरुको शव कालीको किनारमा दाहसंस्कार गर्दा मृत्युपछि राम्रो हुने जनविश्वास अहिले पनि रहेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताए ।

कालीगण्डकीको महिमा यतिमै मात्र सीमित रहँदैन । कालीगण्डकी शालिग्राम पाइने पवित्र नदीमात्र नभएर पशु, पक्षी, किट, पतंगदेखि लिएर मानव जातिलाई समेत सेवा पुर्‍याएको प्राकृतिक सेवक पनि भएको पण्डित भीमनाथ पराजुलीले बताए ।

'कालीगण्डकीको धार्मिक महत्त्व त अवर्णनीय छ नै, यसको जैविक, सांस्कृतिक र मानवीय दैनिकीसँग गाँसिएको महत्त्व पनि कम छैन,' पण्डित पराजुलीले भने। कालीगण्डकीको मुक्तिनाथदेखि देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यसबाट हजारौं हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालकै सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ । पछिल्लो समय कालीगण्डकी तिनाउ बहुउद्देश्यीय डाइभर्सन आयोजनाका कारण कालीगडकी चर्चामा छ ।

बुटवल, भैरहवा, रुपन्देही, कपिलवस्तुलगायतका क्षेत्रमा कालीगण्डकीको पानी पुर्‍याएर सिँचाइ, जलविद्युत् र अन्य प्रयोजनका लागि लाभान्वित गर्ने बृहत् उद्देश्यका साथ डिजाइन गरिएको राष्ट्रिय आयोजनाका रुपमा यसलाई लिइएको छ ।

तर, यो आयोजनाबाट गण्डकी प्रदेश भने नराम्ररी बिच्किएको छ । यसले मुस्ताङदेखि यादेवघाटसम्मको विशाल क्षेत्रफलमा गम्भीर असर पार्ने विश्लेषणका साथ गण्डकी प्रदेशका स्याङ्जा, पाल्पा र तनहुँका जनप्रतिनिधि आक्रोशित बनेका छन्। गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले त कालीगण्डकी डाइभर्सन पूरा नहुने भन्दै कडा टिप्पणी गरी डाइभर्सनप्रति गम्भीर असहमति जनाएका थिए ।

डाइभर्सन आयोजनाले स्याङ्जाको राम्दीदेखि देवघाटसम्मको १३३ किलोमिटरअन्तर्गत चापाकोट नगरपालिका, रामपुर नगरपालिका हुँदै रम्भा, निस्दी, घिरिङ, बुलिङटार, बौदीकाली, देवघाट गाउँपालिका हजारौं परिवार प्रभावित हुने अनुमान गरिएकाले यस क्षेत्रका मानिस आयोजना अगाडि बढ्ने भयो भनेर थप आक्रोशित बनिरहेका छन् । यता गण्डकी प्रदेशका पर्वत, बागलुङ, म्याग्दी मुस्ताङलगायतका जिल्लाका बासिन्दा चिन्ता भने बेग्लै छ ।

कालीगण्डकीको दक्षिणी क्षेत्रमा लुम्बिनी प्रदेश लक्षित डाइभर्सनको विषयले कालीगण्डकीको मौलिक अस्तित्व नासिने खतरा बढेको टिप्पणी गर्न थालिएको छ । उत्तरी क्षेत्रमा भने यसको मौलिकस्वरुप नासिनुका साथै वातावरणीय अस्तित्वसमेत खतरामा पर्ने चिन्ताले गाँजेको छ । कालीगण्डकीको किनारैकिनार हुँदै खनिएको कालीगण्डकी करिडोर, भू-क्षय, बाढीपहिरोआदिले कालीगण्डकी नदीको जलचक्र प्रणाली नै प्रभावित भएको वातावरणविद् सापकोटाले बताए ।

त्यसैगरी कालीगण्डकीबाट अनियन्त्रितरुपमा निकालिने नदीजन्य पदार्थ र सहरी क्षेत्रको फोहरमैला विर्सजन गरिने चलनले पनि कालीगण्डकीले मौलिकस्वरुप गुमाउँदै गएको छ । हालै मात्र भारतको अयोध्यामा निर्माणाधीन श्रीराम जन्मभूमि मन्दिरमा राखिने भगवान् श्रीराम र सीताको मूर्ति बनाउनका लागि कालीगण्डकीबाट शिला लगिनुले पनि यो नदी अहिले विश्वमा नै चर्चित बनेको छ ।

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, प्रतिनिधिसभा सदस्य एवं पूर्वगृहमन्त्री नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, गण्डकी प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपाली, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, अयोध्यास्थित राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पंकज र जानकी मन्दिरका महन्तलगायतले शिलाको पूजापाठ गर्दै नदीको मौलिकस्वरुप नासिँदै जान थालेकोप्रति चिन्ता व्यक्त गरेका थिए ।

कालीगण्डकीको शिला भगवान विष्णुको अवतार भएको र रामको बाल अवतारको स्थापनाका लागि पवित्र कालीगण्डकीको शिला लैजान लागिएको अयोध्यास्थित राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पंकजले बताए ।

'हामी अत्यन्तै खुसी हर्षित छौं, नेपालको कालीगण्डकीबाट भगवान रामको मूर्ति बनाउने शिला उपहार पाएका छौं, यसले अयोध्या, जानकी र समग्र कालीगण्डकी क्षेत्रको धार्मिक सम्बन्धलाई थप बलियो बनाउने विश्वास लिएका छौं,' उनले भने, 'यो नदीको मौलिक अस्तित्वलाई बचाइराख्न आवश्यक छ ।'


## कम्पनीको नाम परिवर्तन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/१०/१६**

यस कम्पनीको मिति २०७८/०३/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **कासिन न्युज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **कासिन मिडिया प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कासिन मिडिया प्रा.लि.(प्रा.लि.नं.२६१५३३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## कम्पनीको नाम/ठेगाना परिवर्तन तथा नियमावली संशोधन र शेयर लागत गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/१०/१६**

यस कम्पनीको मिति २०७८/१२/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **हाइवे टु हिमालयज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **नेपाल ट्राभल प्रोटेक्सन प्रा.लि.** (नाम तथा ठेगाना परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल ट्राभल प्रोटेक्सन प्रा.लि.(प्रा.लि.नं.१७३२१३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## सूचना ! सूचना !! सूचना !!!

यस ASIA LINK SERVICES PVT. LTD. (ई.प.नं.११९/०५५/०५६) मा 1. Mannu Tiruwa , 2. Daina Yongya -(Receptionist) 3. Nawaraj Khadka -(Documentation Officer) पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Asia Link Services Pvt. Ltd.** श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 9817961880, 9851116133, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## सूचना ! सूचना !! सूचना !!!

यस DOTI OVERSEAS PVT.LTD (ई.प.नं.१२९४/०७४/०७५) मा 1. Bhagawati Bharati (Citizenship No.24-01-73-07464) ले यस प्रा. लि. मा Accountant पदमा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस K.B INTERNATIONAL EMPLOYMENT (P) LTD (ई.प.नं.८१४/०६५/६६)मा Pratap Rai(Citizenship No. 043030/221) ले Labour Department Representative र Ranjita Rana (Citizenship No. 183062/689) ले Office Helper पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरूले २०७९/०६/११ बाट राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**K.B. International Employment Pvt. Ltd.**
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NINSO GLOBAL SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 269152 चलानी नं. ६०१८५०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Self Fifter | 1 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: +977-1-4480285, Fax: +977-1-4469772



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED LINES GROUP FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०७९/१०/१५ LT. No. 280305 चलानी नं. : ६०१९५७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Workers | 2 | 0 | 1200 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.** श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEY FACILITIES MANAGEMENT INTERNATIONAL SAUDI AREBIA
पूर्व स्वीकृति मिति : २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 258483 चलानी नं.६०१७७३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 1000 | ३४,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFNAN DECORATION AND TRADING
पूर्व स्वीकृति मिति : २०७८/०९/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 256042 चलानी नं.६०१७२६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 2 | 0 | 1200 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | ४३,००५ | | | | | | | |
| 3 | Driver | 4 | 0 | 1500 | ५३,७६० | | | | | | | |
| 4 | Electric | 1 | 0 | 1200 | ४३,००५ | | | | | | | |
| 5 | Labourer | 2 | 0 | 1000 | ३५,८४० | | | | | | | |
| 6 | Mason | 3 | 0 | 1200 | ४३,००५ | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1200 | ४३,००५ | | | | | | | |
| 8 | Technician | 2 | 0 | 1200 | ४३,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JINGYUN ENTERPRISE SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/१०/१५ LT. No. 280196 चलानी नं. ६०१९५७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 13 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BISHOJYOTI HR SOLUTION PVT. LTD.** श्रम ईजाजत नं. १३१५/०७४/०७५
Basundhara-3, Kathmandu,Tel: +997-1-4016667, 4016669, Mobile No: Mobile No: 9851096252,9860089267, 9865229690
Email: info@bhrsolution.com, bishojyotihrsolution@gmail.com, Web: www.bhrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : M/S KHALID SAEED BIN MOHAMMED AL QAHTANI GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०७९/०७/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 274365 चलानी नं. ६०१९०२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Drivers | 2 | 0 | 1800 | ६२,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHYA AHMED RAQWANI CO. FOR TRADING & CONT.
पूर्व स्वीकृति मिति २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 271289 चलानी नं. ६०१८६९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 15 | 0 | 2500 | ८६,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants) Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GEMINI FORCE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२५ पूर्व स्वीकृति मिति २०७९/१०/१५ LT. No. 277473 चलानी नं. ६०१९२९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 48 | 0 | 1500 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TASTIWAY SDN. BHD.
पूर्व स्वीकृति मिति : २०७९/१०/१५ LT. No. 280180 चलानी नं. ६०१९५७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALPHA SIGMA OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERN KOU FURNITURE INDUSTRIES SB.
पूर्व स्वीकृति मिति २०७९/०४/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ LT. No. 269110 चलानी नं. ६०१८४९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 158 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.** Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

# प्रभाव दैनिक

सोमबार, १६ माघ २०७९ (Monday, January 30, 2023)


रूपशाला

## मनोजको 'घर त गैरी गाउँ' सार्वजनिक

गायक मनोज केसीको स्वरमा रहेको 'घर त गैरी गाउँ' सार्वजनिक गरिएको छ । उक्त गीतमा गायिक अस्मिता अधिकारीले मनोजलाई स्वरमा साथ दिएकी छन् । मनोज केसी र रामकुमार गुरूङ (आरके गुरूङ)को शब्द सृजना रहेको सो गीतमा आरके गुरूङले संगीत भरेका छन् । झम्के साँझ, सोल्टिनी, मस्यौरी, चाइनेजो, साह्रै मन अत्याउनी, भँमरा, फिदा, मेरो त्रुस, सालैजो कौराजस्ता हजारबढी लोकपप आधुनिक गीतहरूको भिडियो निर्देशन गरेका दीपेन्द्र तिमल्सिनाकै निर्देशन र कोरियोग्राफीमा गरेको 'घर त गैरी गाउँ'को भिडियोमा जुना सुन्दास, आयुस्मा कार्की, गणेशमान घले र रमेश थापाको अभिनय छ ।




# सन्तोषको एकल साँझ

■ प्रभाव संवाददाता




**काठमाडौं–** गायक सन्तोष दुमी राईको एकल गायन साँझ सम्पन्न भएको छ । संगीतकार/गायक राईको जन्मदिनको अवसर पारेर यही माघ १४ गते 'सन्तोष दुमीसँग एक साँझ' सम्पन्न भएको हो । 'दुमी किराँत राई फन्सिकिम' को आयोजनामा 'दुमी गीत-संगीत कोष' को सहयोगार्थ संगीतकार तथा गायक राईको एकल साँझ आयोजना भएको हो ।

करिव २ दशक अघिदेखि संगीतकार एवं गायकको रुपमा निरन्तर क्रियाशील रहेका राईका संगीत र स्वरमा हालसम्म ५०० भन्दा बढी गीत रेकर्ड भईसकेका छन् । खोटाङ जन्मथलो भएका राईले यसअघि सन् २०१२ मा पनि हङकङमा एकल साँझ गरिसकेका छन् । गायन साझमा आफ्ना कूल गीत मध्येबाट 'घामले आँखा खोलिसक्यो', 'मुस्कुराई बस तिमी', 'साल्पै राजा', 'रातभरि जून रुँदा', 'निलो आकाश उडिहिँड्ने', 'तिम्ले छोडी गएपछि' लगायतका दर्जन भन्दा बढी गीतहरु संगितकार तथा गायक राईले प्रस्तुत गरेका छन् ।

२५ वर्ष अघि स्थापित 'दुमी किराँत राई फन्सिकिम' ले यस प्रकारको कार्यक्रम पहिलोपटक आयोजना गर्न लागेको बताउँदै करिव ४ वर्ष अघि स्थापित 'दुमी गीत-संगीत कोष' ले अवसरबाट बन्चित प्रतिभाशाली दुमी प्रतिभाहरुलाई प्रोत्साहित गर्ने उद्देश्य राखेको जनाएको छ ।

# हीरा लामाको 'दलदल' सार्वजनिक

**चितवन (प्रस)–** लेखक हीरा लामाको उपन्यास दलदल सार्वजनिक भएको छ । नारायणी रिसोर्ट गैंडाकोटमा गरिएको कार्यक्रममा कवि भूपिन, अक्षर समूहका अध्यक्ष रमेश प्रभात र समीक्षक सिर्जन अविरलले कृति विमोचन गरेका हुन् । कृतिको समीक्षात्मक टिप्पणी सिर्जन अविरलले प्रस्तुत गरे । दलदलमा चितवनको भूगोलको चिनारी प्रशस्त मात्रामा गरिएको समीक्षक अविरलले बताए ।


'चितवनका स्रस्टाले लेखेको यो पहिलो उपन्यास हो, जसमा चितवनलाई, चितवन प्रसिद्ध भूगोललाई लेखकले सकेसम्म उपन्यासको कथामा समेट्नुभएको छ', अविरलले भने, 'भरतपुर कारागारमा कैदीलाई मारिएको घटना यहाँको महत्त्वपूर्ण घटना हो, उपन्यासमा यो घटनालाई प्राथमिकता का साथ प्रस्तुत गरिएको छ ।'

दलदलमा चितवनको अँध्यारो उज्यालो सबै कुरा छ, दलदल युवा आख्यानकारको तन्नेरी कथा भएको पनि अविरलले बताए । पुस्तकका बारेमा बोल्दै धनराज गिरीले लेखक लामाले उपन्यासमा बुबाको भूमिकालाई महत्वका साथ उतारेको बताए । अर्का टिप्पणीकार निर्दोष जीवनले दलदल पारिवारिक सामाजिक कथाबस्तुको उपन्यास भएको बताए ।

लेखक हिरा लामाले १० वर्षको मेहनतपछि दलदल किताबको रूपमा सार्वजनिक भएको बताए । 'दलदलमा कुनै रिफ्रेन्स राखिएको छैन, यो पुस्तक पढ्नलाई अरू किताबको खाँचो पनि पर्दैन, पारिवारिक कथामा यो उपन्यासलाई सजाउने कोसिस गरेको छु', लेखक लामाले बताए ।

कार्यक्रमका प्रमुख अतिथि भूपिनले दलदलमा फसेका नेपालीहरूको सामाजिक जीवन पुस्तकमा अटाएको बताए । दलदल लेखक लामाको पहिलो पुस्तक हो ।

# 'भाइरल होइन, कला बुझेको कलाकार लिन्छु'



**म्युजिक भिडियो निर्देशनमा आशालाग्दा निरेन श्रेष्ठ आजभोलि ब्यस्त निर्देशनमै व्यस्त छन् । २०५१ सालमा काठमाडौंको बुढानिलकण्ठमा जन्मिएका निरेन एकदशकभन्दा बढी समयदेखि कला क्षेत्रमा सक्रिय छन् । 'मरक मरक मर्काउँछे कम्मर' बोलको गीतको भिडियो निर्देशन गरेर म्युजिक भिडियो निर्देशन यात्रा सुरू गरेका निरेन श्रेष्ठले हालै सम्पन्न चौंथो एपिक नेपाल म्यूजिक अवार्ड–२०७९ मा उत्कृष्ट लोकदोहोरी म्युजिक भिडियो निर्देशकको अवार्ड हात पार्न सफल भएका छन् । लोकदोहोरी, आधुनिक, पप, राष्ट्रिय भाव, भजन गरी पाँच सयभन्दा बढी गीतको भिडियो निर्देशन गरिसकेका निर्देशक निरेन श्रेष्ठसँग गरिएको संक्षिप्त कुराकानीः**

◆ **पछिल्लो समय केमा ब्यस्त हुनुहुन्छ ?**

आजभोलि नयाँ-नयाँ म्युजिक भिडियोको सुटिङ र इडिटिङमा ब्यस्त छु ।

◆ **चलचित्र निर्देशन र भिडियो निर्देशनमा के भिन्नता छ ?**

दुई घण्टा लामो चलचित्रको कथावस्तुलाई ५/६ मिनेटको म्युजिक भिडियोमा उतार्नुपर्ने हुन्छ । त्यहिअलि भिन्नता हो, नत्र शुटिङ गर्ने तरिका त उहिनै हो ।

◆ **कस्तो खालको भिडियोमा बढी दर्शक आकर्षित हुन्छन् ?**

सबै दर्शकको आफ्नो आफ्नै चोइस हुन्छ । तर, अहिलेको समयमा हेर्ने हो भने मायाप्रेम र बियोगान्त भिडियोमा अलि बढी आकर्षित भएको हो कि जस्तो लाग्छ ।

◆ **भिडियो निर्माणमा बिशेष ध्यान दिनुपर्ने पक्ष के हो ?**

भिडियो निर्माणमा बिशेष ध्यानदिनुपर्ने कुरा भनेकै कथावस्तुमा ध्यान दिनुजस्तो लाग्छ । त्यसपछि भनेको त्यो कथावस्तुलाई सुहाउने कलाकार, लोकेशन अनि अरु कुराहरुमा पनि ध्यान दिनुपर्छ ।

◆ **यो क्षेत्र व्यवसायिक बन्न सकेन भन्छन् नि ?**

मलाई चाहीँ त्यस्तो लाग्दैन खास भन्ने हो भने म आफैं यस क्षेत्रलाई ब्यवसायिक बनाइराखेको छु । मलाइ यही क्षेत्रले सबै दिएको छ । आफ्नो कर्म राम्रो गर्न सक्यो, भने जुन क्षेत्रलाई पनि ब्यवसायिक बनाउन सकिन्छ जस्तो लाग्छ ।

◆ **प्रतिस्पर्धाको यो भिडमा आफूलाई कहाँ पाउनुहुन्छ ?**

म आफुलाई त भन्ने कुरा भएन तर बजारमा दर्शकको मायाले गर्दा उत्कृष्टमा पर्छु कि जस्तो लाग्छ ।

◆ **यो क्षेत्रको संस्थागत बिकासका लागि के गर्नुपर्ला ?**

यो क्षेत्रको संस्थागत बिकासको लागि चाही सबै साथीहरु मिलेर हातेमालो गर्दै नयाँ नयाँ कार्य योजनाहरु ल्याएर काम गर्न'पर्छ जस्तो लाग्छ ।

◆ **निर्माताका लगानी सुरक्षित गर्न निर्देशकको भुमिका के हुनसक्छ ?**

निर्माताको लगानी सुरक्षित गर्न निर्देशकको भुमिका भनेकै सकेको कम लगानिमा भिडियो निर्माण गर्ने नै हो ।

◆ **कलाकारिता गर्दै निर्देशक भएको छ भावी लक्ष्य के छ ?**

समाजमा भइरहेको विभिन्न बिषय वस्तुहरुलाई भिडियोमार्फत दर्शकमाझ पुऱ्याउने छु ।

रंगशाला

# 'टाइगर कप'मा चम्केका रवि




■ रामबहादुर थापा

**गण्डकी–** भलिबलमा उदाउँदा खेलाडी रवि केसीले टाइगर कपको उपाधि घरेलु टिम गण्डकीलाई दिलाउन योगदान गरे र आफू प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए । केसी उनै खेलाडी हुन् जसले गत पुसमा बंगलादेशमा भएको 'बंगबन्धु एसियन यु-२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'मा राष्ट्रिय टिमबाट खेलेका थिए ।

पोखरामा आयोजित तेस्रो संस्करणको टाइगर कपमा सर्वोत्कृष्ट खेलाडीका रूपमा केसीले रु २५ हजार र ट्रफी हात पारे । राष्ट्रियस्तरको प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी घोषित हुनुलाई उनले खेल जीवनको उपलब्धिका रूपमा लिएका छन् । 'खुसी छु, मेहनतको फल पाएँ, यसले भलिबलमा अझ राम्रो गर्न प्रेरित गरेको छ', २२ वर्षीय रविले भने, 'दर्शकबाट पाएको माया र हौसलाले पनि उत्साहित छु ।'

गण्डकीका टिम प्रशिक्षक रमेश केसीले प्रतियोगिताभर रविले उत्कृष्ट खेल प्रदर्शन गरेको बताए । उमेरले जुनियर खेलाडी भए पनि उचाइ र जम्पले केसीलाई साथ दिएको उनको भनाइ छ । 'विपक्षी खेलाडीभन्दा धेरै माथिबाट रविले स्पाइक गर्न सक्छन्, उनको एडभान्टेज भनेको हाइट र जम्प गर्न सक्ने क्षमता हो ।'

'भलिबल टिम वर्क हो, खेल जिताउन सबै खेलाडीको उत्तिकै भूमिका हुन्छ र पनि यसपालि नतिजा निकाल्न रविले उत्कृष्ट योगदान गरे', प्रशिक्षक केसीले सुनाए । प्रतियोगिताको अनुभव कम भए पनि रवि प्रतिभावान खेलाडीका रूपमा नेपाली भलिबलमा उदाएको उनको भनाइ छ ।

बागलुङको गलकोट नगरपालिका-७ मल्ममा जन्मेका रवि छोटो अवधिमै भलिबलमा चम्किएका खेलाडी हुन् । दुई वर्षअघि काठमाडौंमा भएको 'एनभिए कप'बाट उनले राष्ट्रियस्तरको प्रतियोगितामा डेब्यु गरेका थिए ।

गलकोट स्पोर्टस् क्लबबाट रविले उक्त प्रतियोगितामा उत्कृष्ट खेल्दै धेरैको मन जितेका थिए । ओपन स्पाइकर रविले पछिल्लो नवौं राष्ट्रिय खेलकुदमा पनि गण्डकी प्रदेशबाट खेलेका थिए । चौध-पन्ध्र वर्षको उमेरदेखि भलिबल खेल्न सुरु गरेका केसीले अहिलेसम्म कुनै औपचारिक प्रशिक्षण भने लिएका छैनन् । प्रतियोगिताकाअघि हुने अभ्यासबाहेक नियमित प्रशिक्षण लिने अवसर नपाएको रविले बताए । उनी अहिलेसम्म कुनै क्लबमा पनि आबद्ध छैनन् । व्यावसायिक सुरक्षा र अवसरको सुनिश्चितता भए भलिबलमै समर्पित भएर लाग्ने रवि बताउँछन् ।

खेल कौशलसँगसँगै अनुशासनमा पनि उनी अब्बल मानिन्छन् । उक्त प्रतियोगितामा महिलातर्फको खेलमा भने सशस्त्र प्रहरी बलको एपिएफ क्लबकी सरस्वती चौधरीले सर्वोत्कृष्ट खेलाडीको उपाधि जितेकी थिइन् । उनले पनि नगद रु २५ हजार र ट्रफी हात पारिन् । टाइगर ग्रुप अफ पोखराद्वारा आयोजित प्रतियोगिताको पुरुषतर्फ शनिबार भएको फाइनल खेलमा ३-२ सेटले साविक विजेता एपिएफलाई हराउँदै गण्डकी च्याम्पियन बनेको थियो । उपाधिसँगै गण्डकीले रु पाँच लाख हात पारेको छ ।

गण्डकी पहिलो संस्करणको टाइगर कपमा पनि च्याम्पियन बन्न सफल भएको थियो । सात दिनसम्म चलेको प्रतियोगितामा महिलातर्फको उपाधि भने एपिएफले हात पाऱ्यो । त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपिएफ लगातार दोस्रोपटक च्याम्पियन बनेको हो । प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टोलीको सहभागिता रहेको थियो । महिलातर्फ गण्डकी प्रदेश, त्रिभुवन आर्मी क्बल, एपिएफ क्लब र न्यू डायमण्ड स्पोर्टस् क्लबले सहभागिता जनाएको थियो ।

पुरुषतर्फ श्रीलंकाको एसटी जोशेफ वाज स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब र गण्डकी प्रदेश सहभागी थियो । महिला र पुरुष दुवैतर्फ उपाधि विजेताले रु पाँच-पाँच लाख, उपविजेतालाई समान रु दुई लाख ५० हजार नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । यस्तै प्रतियोगितमा तेस्रो हुने टिमलाई नगद रु एक लाख २५ हजार र सान्त्वना हुने टिमलाई रु ६५ हजारसहित ट्रफी प्रदान गरिएको थियो । विधागतरूपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई रु १० हजार र ट्रफीसहित सम्मान गरिएको थियो । *रासस*

# अध्यक्ष लामाले लिए शपथ

**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले नेपाल कराते महासंघका अध्यक्ष युवराज लामालाई आइतबार पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।

राखेपअन्तर्गत खेलकुद विकास विभागका प्रमुख प्रेमबहादुर मल्ल र कराते महासंघका सह-महासचिव ओमकृष्ण प्रसाईंको उपस्थितिमा सदस्य-सचिव घिसिङले अध्यक्ष लामालाई शपथ ग्रहण गराएका हुन् ।

राखेपले गत बिहीबार करातेका संस्थापक मध्येका एक एवं राखेपका पूर्व सदस्य-सचिव लामाको अध्यक्षतामा २१ सदस्यीय नेपाल कराते महासंघ केन्द्रीय कार्यसमिति, तदर्थ समिति गठन गरेको थियो । अघिल्लो तदर्थ समितिका अध्यक्ष शम्भु आचार्यलाई २०७५ फागुन १४ गते ३ महिना भित्र महासंघको विधान संशोधन गरी निर्वाचन गर्ने गरी तदर्थ समिति गठन गरिएकोमा जिम्मेवारी प्रदान गरेको ४ वर्षसम्म उक्त समितिले महासंघको विधान संशोधन तथा निर्वाचन समेत गर्न सकेको थिएन ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE RIBBON LABOR SUPPLY SERVICES

पूर्व स्वीकृति मितिः २०७९/१०/११ LT. No.280112 चलानी नं. ६०१९५७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stevedore | 100 | 0 | 1200 | ४२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ भने न्युरोड-८ पोखरा, होटल आनन्दमा मितिः २०७९ माघ २४/२५ गते (7/8th Feb. 2023) मा हुनेछ ।

पोखराको लागि सम्पर्क नं.: ९८०३९०६७५५

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१५/०६८/६९

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.

Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945, Mobile No: 9841866145, 9802344075, E-mail: gremploymentnepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मितिः २०७९/०९/04 पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१५ LT. No.277937 चलानी नं. ६०१९३५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 100 | 0 | 1000 | ३४,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Pigeon International Overseas Pvt. Ltd

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.co.np

# वैदेशिक व्यापार र लगानी बढाउने चीनको योजना

**बेइजिङ-** चीनले वैदेशिक व्यापार र लगानी वृद्धि एवं उपभोगमा तीव्रता ल्याउने योजना अघि सारेको छ । चिनियाँ प्रधानमन्त्री ली केकाङको अध्यक्षतामा सम्पन्न राज्य परिषद् बैठकले आर्थिक सुधार र व्यापार विस्तारका लागि यस्तो निर्णय गरेको हो ।

बैठकले केन्द्रीय आर्थिक सम्मेलनले हालै अनुमोदन गरेको आर्थिक सुधारसम्बन्धी निर्णयहरुको कार्यान्वयन गर्ने प्रस्तावलाई पनि अघि बढाएको छ । आर्थिक वृद्धि, रोजगारी र उपभोग्य वस्तुको मूल्यमा स्थिरता सुनिश्चित गर्नेतर्फ बैठकले ध्यान केन्द्रित गरेको छ ।

अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्नका लागि अघि बढाइएका नीतिगत प्याकेजको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न ठोस कदम अगाडि बढाइनेछ । मुख्य परियोजना र वित्तीय नीतिको अग्रसरताका उपकरणहरुलाई अद्यावधिक गरी बढी भौतिक प्रगति गर्नेतर्फ अगाडि बढ्नेतर्फ बैठकले ध्यान दिएको छ ।

साना करदाताका उपलब्ध गराइएको भ्याट र सहुलियतपूर्ण ऋणको राहतलाई साना व्यवसायका लागि थप प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याइनेछ । सार्वजनिक क्षेत्रलाई थप संगठित र विकास गर्नुपर्नेमा पूर्णरुपमा प्रतिबद्धता व्यक्त गर्दै बैठकले गैरसार्वजनिक क्षेत्रको विकासलाई सहयोग र नीतिगत मार्गदर्शन गर्न प्रोत्साहित गरिने जनाएको छ । विश्वस्तरीय बजारमुखी व्यावसायिक वातावरण निर्माण गर्न निजी व्यवसायको कानुनी अधिकार र चासोलाई संरक्षण गरिने बैठकमा सहमति भएको छ ।

बैठकले स्प्रिङ चाडपछिको अवस्थामा व्यवसाय र उत्पादन क्षेत्रलाई थप व्यवस्थितरुपमा खुला गर्न सहजीकरण आवश्यक रहेकामा जोड दिएको छ । साथै, आप्रवासी कामदारलाई उनीहरुका पूर्ववत काममा फर्कन र नयाँ रोजगारी खोज्ने गरी सहजीकरण गर्नुपर्ने कुरामा बैठकले ध्यान दिएको उल्लेख छ ।

चिनियाँ अर्थतन्त्रको आधारस्तम्भका रुपमा रहेको दैनिक उपभोग्य वस्तुको खपत बढाउन बैठकले जोड दिएको छ । वस्तुको मागका सन्दर्भमा वैदेशिक व्यापार र लगानी बढाउनेतर्फ ध्यान दिन राज्यका सबै निकाय अग्रसर हुनुपर्ने निर्णय पनि बैठकले गरेको छ ।

उपभोग्य वस्तुको मागलाई तीव्रता दिने सन्दर्भमा सेवामूलक व्यवसाय तथा स्वरोजगारमा आबद्ध व्यक्तिलाई मद्दत गर्नेगरी नीतिहरु अघि बढाइनेछ । बैठकले कार र अन्य मूल्यवान सामानको उपभोग वृद्धिलाई प्रवर्द्धन गर्न जोड दिएको छ ।

उपभोग्य सामानको खरिदका लागि सहज ऋण उपलब्ध गराउने प्रावधान अघि बढाइएको छ । कुनै खास सहरी क्षेत्रलाई प्राथमिकता दिइने, घर खरिदका चाहनालाई ध्यानमा राख्ने, घरहरुको अवस्थामा सुधार ल्याउने तथा पहिल्यै बिक्री गरिएका घरहरुको अवस्थामा पनि सुधार ल्याइनेछ ।

'उपभोगलाई व्यापक तुल्याउन देशभित्रै मागलाई विस्तार गर्नु मुख्य कदम हो । अर्थतन्त्रमा उपभोगलाई मुख्य प्राथमिकतामा राख्नु अति जरुरी छ,' प्रधानमन्त्री लीले भने, 'चिनियाँ अर्थतन्त्रको सर्वाधिक महत्त्वपूर्ण क्षमता भनेकै एक अर्ब ४० करोड मानिसले गर्ने उपभोग नै हो ।'

बैठकले आर्थिक खुलापनको राष्ट्रिय नीतिप्रति चीनको प्रतिबद्धतालाई पुनः जोड दिँदै वैदेशिक व्यापारलाई मजबुत बनाउने अझ ठोस उपायहरुका लागि आह्वान पनि गरेको छ । देशभित्र वस्तुहरुको प्रदर्शनीहरुलाई थप खुला गरिने तथा विदेशमा हुने औद्योगिक तथा व्यापारिक प्रदर्शनीमा सहभागिताका लागि व्यवसायीहरुलाई सरकारले मद्दत गर्ने बैठकले निर्णय गरेको छ ।

वैदेशिक व्यापारमा सहुलियत, ऋण र बिमासमेतका सुविधा उपलब्ध गराउने नीतिको प्रभावकारी कार्यान्वयन गरिने तथा चिनियाँ मुद्रा (आरएमबी) को परिवर्त्य दरलाई सकेसम्म स्थिर र सन्तुलित राखिने उल्लेख छ । व्यवसायीहरुलाई बजारका अवसरहरुको खोजी गर्न सरकारले थप राहत र सुविधा उपलब्ध गराउने छ ।

सीमापार ई-कमर्सको विकासलाई थप प्रबर्द्धन गरिने छ । वैदेशिक व्यापारको प्रतिस्पर्धात्मक क्षमता बढाउन प्रोत्साहित गरिने छ । आवश्यकताअनुसार आयातलाई विस्तार गरिने छ ।

वैदेशिक लगानी आकर्षित गर्न सक्रियतापूर्वक प्रयत्न गरिने छ । व्यवसाय र लगानीमा आकर्षिक गर्नेगरी स्थानीय सरकारहरुलाई मद्दत गरिने छ । स्वतन्त्र व्यापार क्षेत्र र अन्य प्लेटफर्मको प्रयोगमा सहुलियत दिइने छ । वैदेशिक लगानीमा सञ्चालित व्यवसायको सेवामा सुधार ल्याउन दिगो प्रयत्न गरिने छ ।

बैठकले फेब्रुअरी महिनाको प्रारम्भमै विस्तृत योजना तयार गर्न सरकारका सम्बद्ध निकायहरुलाई आग्रह गरेको छ । *रासस/सिन्ह्वा*

# जापानमा चिनियाँ 'भिसा' सेवा पुनः सुरू

**टोकियो-** यहाँस्थित चिनियाँ राजदूतावासले प्रवेशाज्ञा सेवा पुनः सुरु गरेको छ । आइतबार एक सूचना जारी गरेर दूतावासले भिसा सेवा पुनः सुरु भएको जनाएको हो । बेइजिङस्थित जापानी राजदूतावासले चिनियाँ नागरिकलाई आइतबारदेखि प्रवेशाज्ञा दिने सूचना जारी गरेपछि चीनले पनि जापानमा भिसा सेवा सञ्चालन गर्ने निर्णय गरेको हो ।

जापान भ्रमण गर्न चाहने चिनियाँ नागरिकलाई टोकियोले कोरोना परीक्षण नकारात्मक भएको प्रमाणविना प्रवेशाज्ञा जारी नगर्ने नीति अख्तियार गरेपछि बेइजिङले पनि जापानी नागरिकलाई भिसा नदिने प्रतिशोधात्मक कदम चालेको थियो ।

आफ्ना नागरिकलाई प्रवेशाज्ञा दिन बन्द गरेकामा जापानको आलोचना गर्दै चीनले पनि गत पुस २६ गतेदेखि जापानी नागरिकलाई 'भिसा' दिन बन्द गरेको थियो । बेइजिङको उक्त कदमको आलोचना गर्दै त्यसलाई फिर्ता लिन माग गरेको थियो । साथै, चीनले दक्षिण कोरियाली नागरिकलाई भिसा नदिने सूचना जारी गरेको थियो ।

विश्व स्वास्थ्य संगठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्यांक नदिएको आरोप बेइजिङमाथि लगाएको थियो भने पछिल्लो समय अमेरिकालगायत दर्जनौं देशले चीनबाट आफ्ना भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना संक्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेस गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेका थिए । महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी सबै प्रतिबन्धात्मक कदम हटाएपछि विश्वसमुदाय सशंकित भएको छ ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी हजारौं नागरिकको ज्यान गएको जनाएका थिए । केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख सहरमा विरोध प्रदर्शन भएका थिए । कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए । *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 78 | 900 | ३१,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manager | 2 | 2 | 3000 | १०६५८३ | | | | | | | |
| 3 | Waiter | 20 | 79 | 1000 | ३५५२७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**

SOE

श्रम इजाजत नं. ४९७/०६१/०६२

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR KITCHEN AND ALMINIUM GLASS FACTORY

पूर्व स्वीकृति मिति २०७९/०५/०९ | पून स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 270232 | चलानी नं. ६०१८६१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 10 | 0 | 2500 | ८९,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**

AVION

श्रम ईजाजत नं. १५२४/०७४/७५

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTELLIGENT S. GENERAL CONT.CO

पुर्व स्वीकृति मिति २०७९/०९/२५ | पुन स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 279308 | चलानी नं. ६०१९४८७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Machinery Driver | 10 | 0 | 1800 | ६२,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**

MBR | QSI ISO 9001

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHIZI BUSINESS COMPANY TO PROVIDE MEALS ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 280234 | चलानी नं. ६०१९५७८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 1 | 0 | 1400 | ४८,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EASTERN GALAXY GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 280233 | चलानी नं. ६०१९५७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1200 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LIFE SEEDS FAST FOOD RESTAURANTS

पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280064 | चलानी नं. ६०१९५७५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROFORCE SQUAD (M)SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 277831 | चलानी नं. ६०१९३४६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 13 | 0 | 1500 | ४६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ र २४ गते (5 & 6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

Govt. License 771/065/066



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EQUO TRADING

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | LT. No. :280285 | चलानी नं. ६०१९५७७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 3 | 1000 | ३५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : AL MUHAISEN JEWELLERY INDUSTRIAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | LT. No. :280284 | चलानी नं. ६०१९५७७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labour | 1 | 0 | 1000 | ३४,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



### भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सूचना

**सूचना प्रकाशित मिति – २०७९।१०।१६**

भीमदत्त नगरपालिकाले देहाय बमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यम बाट गराउनु पर्ने भएको हुदा देहाय वमोजिमको ठेक्काको लागि मिति २०७९।१०।१६ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतिय पोर्टल **www.bolpatra.com/eGP-II** मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०७९।१०।२३ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०७९।१०।२३ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा बिधुतिय माधयम बाट मात्र गर्नु पर्नेछ ।

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक आ.व. २०७९/०८० का लागि) | कैफियत |
|---|---|---|---|
| १७ आन्तरिक आय २०७९/०८० | बसपार्क सवारी साधनको पार्किङ शुल्क उठाउने तथा बसपार्क शौचालय शुल्क उठाउने कार्य | रु.७२,००,०००/०० | आ.व. २०८०।०८१ का लागि ठेक्का सम्झौता रकम आ.व. २०७९।०८० को कबोल अंकमा १० % थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८१।०८२ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८०।०८१ को सम्झौता अंकमा १० % थप जोडी हुन आउने रकम कायम गरिनेछ । |
| १८ आन्तरिक आय २०७९/०८० | होर्डिङ बोर्ड विज्ञापन कर उठाउने | रु.२७,००,०००/०० | |

विस्तृत जानकारीको लागि विधुतिय पोर्टल www.bolpatra.com/eGP-II हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६६०० | प्रति तोला – १०५५०० | प्रति तोला – १३६५ |

## उद्योगी व्यवसायीको मनोबल उच्च राख्न परिसंघको आग्रह

**काठमाडौं (प्रस)–** नेपाल उद्योग परिसङ्घले पछिल्ला दिनमा उद्यमी व्यवसायीले आत्मदाह/आत्महत्या गरेको दुःखद् घटनाले नेपाली समाज र उद्योगी व्यवसायीमा चिन्ता एवं निराशाको वातावरण सिर्जना गरेको स्पष्ट पारेको छ ।

परिसङ्घले महिनौँदेखि शिथिल रहेको नेपाली अर्थतन्त्रलाई गतिशील बनाउन सरकार र निजी क्षेत्र दुवै पक्षबाट केही सुधारका सकारात्मक प्रयास सुरु भएको अवस्थाका बीच पछिल्ला दिनमा घटेका घटनाले अर्थतन्त्रको विकास र व्यावसायिक वातावरणमा सुधारसँग सरोकार राख्ने सबैलाई झक्झक्याएको जनाएको छ ।

परिसङ्घले भनेको छ, 'विगत केही समयदेखि नेपाली अर्थतन्त्र अत्यन्त चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको बेलामा नेपाल सरकारबाट चालु पूँजी कर्जा मार्गदर्शनको परिमार्जन, आयात फुकुवा, एलसी मार्जिन र निक्षेपमा ब्याजदर घट्नेजस्ता कदमहरूले अर्थतन्त्रलाई चलायमान गर्ने संकेत दिएको छ ।'

पर्यटक आवागमन तथा विप्रेषणमा भएको वृद्धि, शोधनान्तर स्थितिमा आएको सुधारलगायतले अर्थतन्त्रमा सकारात्मक सन्देश दिएको परिसङ्घको ठहर छ । 'यस्ता सकारात्मक कदमहरू सरकारले क्रमशः अगाडि बढाउँदै लैजाने हाम्रो विश्वास छ । र केही महिनामै सरकारले लिएका र लिने कदमले तरलताको स्थिति र समग्र मागमा वृद्धि ल्याई अर्थतन्त्र चलायमान हुने', परिसङ्घको धारणा छ ।

कठिन अवस्थाको संवेदनशीलताका बारेमा सरकार, नियामकीय निकाय पनि जानकार रहेको परिसंघको बुझाइ छ । 'नेपालको निजी क्षेत्र कठिनतम अवस्थालाई चिर्दै अगाडि बढेको विगत छ । सशस्त्र द्वन्द्व, भूकम्प, कोभिड महामारीजस्ता अभूतपूर्व कठिन अवस्थामा पटक-पटक यसको पुष्टि भइसकेको छ । विगतमा जस्तै हालको कठिन स्थितिबाट पनि निजी क्षेत्र बाहिर निस्कने क्षमता राख्दछ', परिसङ्घको ठहर छ ।


## नीतिगत प्राथमिकता कार्ययोजना तयार

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार पारेको छ । कार्ययोजनामा नीति तथा कार्यक्रम, क्रियाकलाप, माइलस्टोन, साधन स्रोत, समय सीमा र अनुमगन मूल्यांकन सूचक उल्लेख भएको अर्थ मन्त्रालयले जनाएको छ ।

कार्ययोजनामा नीति तथा कार्यक्रम कार्यान्वयनका लागि राजस्व संकलनमा प्रभावकारिता ल्याउने, राजस्व प्रणालीलाई थप प्रगतिशिल बनाउने, राजस्वको दर हेरफेर गर्दा व्यावसायिक तटस्थता कायम गर्ने, राजस्व चुहावटलाई नियन्त्रण गर्ने उल्लेख छ । साथै देशको आर्थिक वृद्धि र आर्थिक स्थायित्व कायम हुने गरी वित्त नीति र मौद्रिक नीति तर्जुमा गर्ने, खर्च कटौतीसम्बन्धी आवश्यक निर्णय गर्ने, अत्यावश्यकबाहेकका संरचना निर्माणका लागि संगठन र व्यवस्थापन सर्वेक्षणमा सहमति प्रदान गर्ने उल्लेख छ ।

अधुरा र विगतदेखिनै अलपत्र परेका आयोजनाको पहिचान गरी सोको सञ्चालनका लागि आवश्यक योजनासहित सम्बन्धित निकायबाट प्रस्ताव पेस आएमा आवश्यकता र औचित्वका आधारमा स्रोतको व्यवस्था गर्ने, वैदेशिक लगानीमा आउने उचारचढाव व्यवस्थापन गर्ने हेजिङ सेवाको प्रक्रिया सुरु गर्ने उल्लेख छ ।




कार्ययोजनामा विदेशी विनिमय, राजस्व नीति, सरकारी अनुदान, बैंक कर्जा नीतिमा परिमार्जन नगर्ने, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलाप वित्तीय लगानी निवारण सम्बन्धमा भएको स्वमूल्यांकन प्रतिवेदन एवं अन्य प्रतिवेदनबाट प्राप्त सुझावका आधारमा मन्त्रालयका निकायमा आवश्यक सुधार गर्ने व्यवस्था राखिएको छ ।

आगामी पाँच वर्षमा दोहोरो अंकको आर्थिक वृद्धिको आधार तयार गर्ने, तीन तहका सरकारबीच नीतिगत समन्वय कायम गर्ने, भन्सार दरमा पुनरावलोकन गर्ने, बन्द सरकारी संस्थान गर्ने सम्बन्धमा अध्ययन गरी पुनःसञ्चालनमा ल्याउने व्यवस्था अघि बढाउने उल्लेख छ । साथै बीमा क्षेत्रमा नीतिगत, संरचनागत सुधार गर्ने, धितोपत्रसम्बन्धी कानुनमा सुधार गर्ने, धितोपत्र दोस्रो बजार तथा यससम्बन्धी संरचनालाई थप पारदर्शी एवं प्रतिस्पर्धी बनाउने उल्लेख छ ।

कार्ययोजनामा वस्तु विनिमय बजार र यसका पूर्वाधारहरु सञ्चालनमा ल्याउने, साना तथा मझौला कम्पनीहरुलाई आवश्यक हुने पुँजी परिचालनमा सहयोग गर्ने, वित्तीय क्षेत्रमा सुधार गर्नेलगायत पनि नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

त्यस अतिरिक्त सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम कार्यान्वयनको कार्ययोजनाको अतिरिक्त अर्थ मन्त्रालयले प्रधानमन्त्री पुष्पकमल दाहालले २०७९ पुस १९ गते नेपाल सरकारका सचिवहरुलाई दिएको निर्देशन अन्तर्गत अर्थ मन्त्रालयसँग सम्बन्धित बुँदाहरुको कार्यान्वयन कार्ययोजना पनि तयार पारी कार्यान्वयनमा ल्याएको छ ।

कार्ययोजनामा रुपान्तरणकारी र राष्ट्रिय योजनाका लागि विनियोजित बजेट अभाव हुन नदिने, रुपान्तरणकारी र राष्ट्रिय गौरवका आयोजनामा विनियोजित रकमबाट अन्य कार्यक्रममा रकमान्तर तथा कार्यक्रम संशोधन नगर्ने उल्लेख छ। आन्तरिक राजस्व विभाग र भन्सार विभागले लक्ष्यअनुसार राजस्व परिचालन गर्ने र त्यसका लागि नीतिगत सुधार गर्ने पनि उल्लेख छ ।

यस्तै निजी क्षेत्रलाई विश्वासमा लिने गरी अर्थतन्त्रमा वर्तमानमा देखिएका समस्याहरुको समाधान गर्ने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने गरी योजना तयार गरी कार्यान्वयन गर्ने, अर्थ मन्त्रालयको कार्यक्षेत्रका विषयमा सेवा प्रवाहमा देखा परेका मन्त्रालयस्तरबाट समस्या समाधान गर्ने र नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने विषयमा नेपाल सरकारमा प्रस्ताव पेस गर्ने लगायतका गतिविधि गर्ने पनि कार्ययोजनामा उल्लेख गरिएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता आनन्द काफ्लले दुवै कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै आवधिक रुपमा समीक्षा गर्दै अघि बढ्ने बताए । माघ ४ मा बसेको मन्त्रिपरिषद्को बैठकले नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम कार्यान्वयनका लागि हरेक मन्त्रालयलाई कार्ययोजना तयार पार्न समय दिएको थियो ।

उच्चस्तरीय राजनीतिक संयन्त्रले २०७९ पुस २५ मा सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सार्वजनिक गरेको थियो । जसमा नेपालको समग्र औद्योगिक उत्पादन तथा व्यवसायिक क्षेत्रमा आएको ह्रास, वित्तीय क्षेत्रमा तरलता संकुचन, उच्च ब्याजदर, बढ्दो व्यापार घाटा, न्यून पुँजीगत खर्च, घट्दो राजस्व संकलन, विदेशी मुद्रा सञ्चितिमा परेको दबाब तथा पुँजीबजारमा आएको गिरावटलगायतका समस्यालाई औद्योगिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढंगले कार्यान्वयन गरी अर्थतन्त्रलाई तत्काल गतिशील बनाउने थिए ।

## कर्पोरेट

### रिद्धिसिद्धि सिमेन्टको निःशुल्क स्वास्थ्य शिविर




**मकवानपुर (प्रस)–** रिद्धि सिद्धि सिमेन्टले बिहिबार मकवानपुरको भीमफेदी गाउँपालिका वडा न.३, झलकनेमा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ । भीमफेदी गाउँपालिकाको समन्वयमा रिद्धिसिद्धि सिमेन्टद्वारा आयोजित कार्यक्रममा भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले प्रमुख आतिथ्यता गरेका थिए । सोही गाउँपालिकाका वडा नं. ३ का वडाअध्यक्ष प्रीतिलाल लामा विशिष्ट अतिथिका रुपमा उपस्थित थिए । प्रशासन् प्रमुख अच्युत पराजुलीको सभापतित्वमा भएको उक्त कार्यक्रममा भीमफेदी गाउँपालिका वडा नं ३ का वडासदस्य बुद्दीमान बज्यू, नेकपा समाजवादी भीमफेदी गाउँपालिकाका संयोजक समीर श्रेष्ठ र खानी प्रमुख गणेश कुमार सिंहको पनि उपस्थिति थियो। कम्पनी सबैको स्वास्थ्य प्रति सचेत रहेको र भविष्यमा पनि यस्ता कार्यक्रमहरु आयोजना गर्दै जाने बताएको छ। उक्त कार्यक्रम खड॰क तुम्सिङले संचालन गरेका थिए ।

### ग्लोबल आइएमईद्वारा विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

**चितवन (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक




उत्तरदायित्वअन्तर्गत चितवन जिल्लाको भरतपुर महानगरपालिका-१० स्थित चितवन माध्यमिक विद्यालयलाई विभिन्न शैक्षिक सामग्रीहरु उपलब्ध गराई सहयोग गरेको छ । श्रीपञ्चमीको अवसरमा आयोजित एक कार्यक्रमकबीच बैंकको बाग्मती प्रादेशिक कार्यालय उप-प्रमुख विदुर ज्ञवालीले चितवन माध्यमिक विालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाश अधिकारीलाइ दराज, कापी लगायतका विभिन्न शैक्षिक सामग्रीहरु हस्तान्तरण गरेका छन् ।

बैंकले उपलब्ध गराएका शैक्षिक सामग्रीहरु विद्यालयले विभिन्न कक्षामा अध्ययनरत गरिब तथा जेहन्दार बिद्यार्थीहरुलाई वितरण गराएको छ । ग्लोबल आइएमई बैंकले स्थापनाकाल देखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न समयमा यस्ता कार्यक्रमहरुको आयोजना गरी आम नागरिकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको छ । कार्यक्रममा बैंकका शहिदचोक शाखा प्रमुख लक्ष्मण पौडेल, सञ्चालन अधिकृत हेम बहादुर गुरुङ लगायत बैंकका कर्मचारी, शिक्षक तथा विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

### धनगढीमा कन्स्ट्रक्सन सोलुसन्सको नयाँ शाखा

**काठमाडौं (प्रस)–** हुन्डाइ कन्स्ट्रक्सन इक्विप्मन्टले आफ्नो सेवा एवं सुविधाहरू आफ्ना ग्राहकहरूमाझ विस्तार गर्न धनगढीमा आफ्नो शाखा सञ्चालनमा ल्याएको छ। नयाँ शाखा धनगढी वडा नं १३, मोहनपुर, गेटा, कैलालीमा खुलेको हो । धनगढी शाखामा कम्पनीको 'थ्रि एस' सेवा अन्तर्गतः सेल्स, सर्भिस र स्पेयर पाटपूर्जा सम्बन्धी सम्पूर्ण सेवाहरू प्राप्त गर्न सकिनेछ ।




शाखा विस्तारसँगै नेपालको सर्वाधिक बिक्री हुने हुन्डाइको एक्स्काभेटरहरू, चट्टान तथा अरू हेभि पद्धार्थ फुटाउनका लगि 'जिसुङ र रामर' ब्रान्डका हाइड्रोलिक रक ब्रेकरहरू, साथै विश्वको नम्बर एक 'एम.बि. बकेट क्रसर' पनि त्यहाँबाट सहजरूपमा खरिद गर्न सकिने छ। यससँगै निर्माण व्यवसायी तथा इक्विप्मन्ट अपरेटरहरूले भरपर्दो हेभि इक्विप्मन्ट किन्न टाढा गइरहनुपर्ने छैन । साथै हेभि इक्विप्मन्टको मर्मत तथा पार्टपूर्जा पनि धनगढी शाखाबाटै सहज रूपमा प्राप्त गर्न सकिने छ ।

हुन्डाइ कन्स्ट्रक्सन इक्विप्मन्ट, नेपालको हेभि निर्माण उपकरण बजारमा महत्वपूर्ण हिस्सा ओगटेको कम्पनी हो । कम्पनीले उच्च पर्फमेन्स गर्ने 'नेपालको नम्बर १ एक्स्काभेटर' को बिक्री वितरण गर्दछ। हुन्डाइ कन्स्ट्रक्सन इक्विप्मन्टका उपकरण लामो समयदेखि निर्माण, युटिलिटि, उत्खनन् एवं खानी उद्योगहरूको लागि प्रमुख इक्विप्मन्टको रूपमा रहँदै आएको छ ।

### एनआईबिएल क्यापिटलमार्फत ४ अर्बभन्दा बढीको लगानी व्यवस्थापन

**काठमाडौं (प्रस)–** एनआईबीएल एस क्यापिटल लिमिटेडले ४ अर्ब बढीको लगानी व्यवस्थापन गरेको छ । लिमिटेडले प्रदान गर्दै आईरहेको विभिन्न सेवाहरु मध्ये लगानी व्यवस्थापन सेवाको सुरुवात बि.स.२०७१ साल देखि हुँदै आएको छ । ग्राहक मैत्री सेवा प्रदान गर्दै आईरहेको क्यापिटलमा हालसम्म यस लगानी व्यवस्थापन सेवामा ११०० भन्दा बढी ग्राहक आबद्ध हुनुका साथै ४ अर्ब भन्दा बढि आकारको लगानीको व्यवस्थापन हुदै आइरहेको जनाएको छ ।




एनआईबीएल एस क्यापिटलले विगत ८ बर्ष अधिदेखी सुरुवात गरेको यस सेवा अर्न्तगत लगानीकर्ताहरुलाई स्वेच्छिक र अस्वेच्छिक लगानी व्यवस्थापन सेवा प्रदान गर्दै आइरहेको छ। ग्राहकबर्गले कम्पनी प्रति देखाउनु भएको विश्वास र यस सेवामा आवद्ध भई लगानी व्यवस्थापन सेवा मार्फत प्राप्त गर्दै आइरहेको मुनाफ र ग्राहकबर्गको हितलाई नै सर्वोपरि ठानी कार्य गर्ने कुसल लगानी व्यवस्थापकहरुको कारण यो ४ अर्बको आकारको कोषे ढुंगा प्राप्त गर्न कम्पनी सफल भएको छ ।

आगमी दिनहरुमा पनि लगानीकर्ताहरुको साथ, सहयोग, सदभाव र विश्वासलाई मध्यनजर गर्दै कम्पनीले सेवालाई थप परिस्कृत, प्रविधिमैत्री, तथा प्रतिफलयुक्त सेवाको रुपमा विकास गर्दै लैजाने यस क्यापिटलले जनाएको छ ।

## नेप्सेमा दोहोरो अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अंकले ओरालो लागेको छ । साताको पहिलो दिन नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ दशमलव ६८ अंकले ओरालो लागेर दुई हजार एक सय ६८ दशमलव ५३ मा सीमित भएको छ । यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलब ८३ अंकले ओरालो लागेर चार सय १० दशमलब ३१ मा सीमित भएको छ। नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको सेयर मूल्यमा उकालो लागेको छ भने ११ उपसमूहको सेयर मूल्यमा गिरावट भएको छ ।

कारोबार भएकामध्ये कूल ४८ कम्पनीको सेयर मूल्यमा बृद्धि भएको छ भने एक सय ६१ कमपनीको मूल्यमा गिरावट भएको छ । त्यस्तै, चार कम्पनीको सेयर मूल्यमा कुनै परिवर्तन भएको छैन । कूल ८२ लाख ७६ हजार सात सय ५१ कित्ता सेयर रू तीन अर्ब एक करोड ७० लाख ६३ हजार नौ सय ५६ मूल्यमा कारोबार भयो । आइतबारको कारोबारपछि बजार पुँजीकरण रु ३१ खर्ब २९ अर्ब ३० करोड ८५ लाख एक सय ७४ पुगेको छ ।

कारोबारका आधारमा आइएमई जनरल इन्स्योरेन्स शीर्ष स्थानमा छ। कम्पनीको रु नौ करोड ९९ लाख चार हजार तीन सय ९२ बराबरको कारोबार भयो। हिमालयन ऊर्जा विकास कम्पनी रू नौ करोड २१ लाख १८ हजार सात सय ४२, एनआइसी एशिया बैंकको रू सात करोड १३ लाख १८ हजार तीन सय एक, आँखु खोला जलविद्युत् कम्पनीको रू छ करोड ८३ लाख ७० हजार र नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको रू छ करोड ६२ लाख ४७ हजार सात सय ९३ बराबरको सेयर कारोबार भई शीर्ष पाँचमा परेका छन् ।

नेप्सेका अनुसार लुम्बिनी जनरल इन्स्योरेन्स, बाराही हाइड्रोपावर, इस्टर्न हाइड्रोपावर, आर्दश लघुवित्त र सूर्योज्योति लाइफ इन्स्योरेन्सको सेयर मूल्यमा १० प्रतिशतको बृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यस्तै, समृद्धि फाइनान्स छ दशमलब शून्य नौ, सिभिल लघुवित्त छ दशमलब शून्य आठ, सूर्योदय बोमी लघुवित्त पाँच दशमलब २८, ग्रीनलाइफ इन्स्योरेन्स पाँच दशमलब शून्य सात र गणपति लघुवित्तका लगानीकर्ताले चार दशमलब ६८ प्रतिशतले गुमाएका छन् ।

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यायो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ